मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक १९३ • २०८३ साल जेष्ठ १८ गते सोमबार • Monday 01, June 2026 • सूर्योदयः बिहान ०५:११ बजे • सूर्यास्तः साँझ ०६:५५ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## एक वर्षभित्र मुलुकबाट भ्रष्टाचार निर्मुल गर्छौं: प्रम

**काठमाडौं।**
प्रधानमन्त्री बालेन्द्र शाहले एक वर्ष भित्र मुलुकबाट भ्रष्टाचार निर्मूल गर्ने काममा सरकार प्रतिबद्ध रहेको बताएका छन् । आइतबार प्रतिनिधि सभा बैठकमा सांसदहरूले सोधेका प्रश्नको जवाफ दिने क्रममा उनले सरकार र सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीले एक वर्षभित्र मुलुकमा भ्रष्टाचार निर्मूल पार्ने काममा लागिपर्ने बताएका हुन्।
उनले सरकारले यस वर्षलाई सुशासन वर्षको रूपमा लिएको बताए। ''हामीले पहिलो वर्षलाई सुशासनको वर्षको रूपमा लिएका छौँ। सुशासन भन्दैमा हामीले विकास नै गर्दैनौ, पूर्वाधारको काम नै गर्दैनौ भन्ने होइन। यो वर्षलाई पूरा हाम्रो माननीय मन्त्रीज्यूहरू र विभिन्न क्षेत्रबाट आउनुभएका माननीयज्यूहरू उहाँहरूको निगरानीमा पनि विभिन्न क्षेत्रहरू हुन्छन् । हाम्रो नेपाल सरकार र राष्ट्रिय स्वतन्त्र पार्टीले यो पहिलो वर्ष पूर्ण रूपमा देशलाई सुशासनतर्फ लैजाने, बेथितिहरूलाई हटाउने, बलियो जरा बनाएर बसेको यो भ्रष्टाचारलाई निर्मूल गर्न नेपाल सरकार, हाम्रो पार्टी एकदमै तत्पर रहेको छ। यो मालपोतलगायतका सरकारी कार्यालयमा जाँदा देख्नु पनि भएको होला । यसलाई नेपाल सरकारले निरन्तरता दिनेछ,'उनले भने।

# खानेपानीको समस्या बढिरहँदा चुरे संरक्षणबारे बजेट मौन



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ल्याएको बजेटमा तराई–मधेशको खानेपानी तथा सिँचाइ समस्या समाधान गर्न डिप बोरिङ निर्माणलाई प्राथमिकता दिएपछि विज्ञ तथा सरोकारवालाहरूले गम्भीर चिन्ता व्यक्त गरेका छन्। बजेट वक्तव्यको बुँदा ४२ (क) मा तराई–मधेश क्षेत्रमा खानेपानी र सिँचाइ अभावको दीर्घकालीन समाधानका लागि डिप बोरिङ निर्माण गरिने उल्लेख गर्दै सरकारले यस कार्यक्रमका लागि २ अर्ब ५० करोड रुपैयाँ विनियोजन गरेको छ।
तर, जलस्रोत तथा भूगर्भविद्हरूले पर्याप्त वैज्ञानिक अध्ययन र वातावरणीय मूल्यांकनबिना भूमिगत पानीको दोहन बढाउने नीति मधेशका लागि दीर्घकालीन रूपमा घातक हुन सक्ने चेतावनी दिएका छन्। उनीहरूका अनुसार अनियन्त्रित रूपमा डिप बोरिङ विस्तार गरिए भूमिगत पानीको सतह थप तल झर्ने र भविष्यमा गम्भीर जलसंकट उत्पन्न हुने जोखिम बढ्नेछ।
पछिल्ला वर्षहरूमा मधेश प्रदेशमा भूमिगत पानीको सतह निरन्तर घट्दै गएको विभिन्न अध्ययनले देखाइरहेका छन् । सुक्खायाममा ट्युबवेल, इनार र चापाकल सुक्ने समस्या बढ्दै जाँदा स्थानीय बासिन्दाले खानेपानी अभाव झेलिरहेका छन् । यस्तो अवस्थामा सरकारले पुनर्भरणको स्रोत संरक्षणभन्दा भूमिगत पानी निकाल्ने योजनालाई प्राथमिकता दिनु उचित नभएको विज्ञहरूको भनाइ छ।
मनरा शिसवा नगरपालिकाका मेयर मोहन पाण्डेका अनुसार वैज्ञानिक अध्ययनले भूमिगत पानीको संकट गहिरिँदै गएको देखाएपछि नगरपालिकाले ट्युबवेल र बोरिङसम्बन्धी योजना अघि बढाउन नदिएको हो । 'दीर्घकालीन समाधान भनेको जलाधार क्षेत्र र पानीको मुहान संरक्षण गर्नु हो,' उनले बताए।
चुरे विज्ञ नागदेव यादवले पनि चुरे संरक्षणलाई बेवास्ता गरेर ल्याइने सतही योजनाले समस्या झन् बढाउने चेतावनी दिएका छन् । उनका अनुसार भूमिगत पानीको अन्धाधुन्ध दोहनकै कारण मधेशमा जलसंकट बढ्दो अवस्थामा पुगेको छ । त्यसैले नीति तथा कार्यक्रम पुनरवलोकन गर्न आवश्यक रहेको उनको भनाइ छ।
विज्ञहरूका अनुसार चुरे क्षेत्र तराई–मधेशका लागि प्राकृतिक जलभण्डार हो । तर वन विनाश, अतिक्रमण र अव्यवस्थित उत्खननका कारण चुरेको जल पुनर्भरण क्षमता कमजोर बन्दै गएको छ । तथ्यांकअनुसार मधेश प्रदेशको कुल क्षेत्रफलमध्ये करिब २४.७८ प्रतिशत मात्र वन क्षेत्र रहेको छ, जसको ठूलो हिस्सा चुरे क्षेत्रमा पर्छ । अझ प्रदेशका १३६ स्थानीय तहमध्ये ८४ स्थानीय तहमा वन क्षेत्र नै छैन।
चुरे संरक्षण, वन विस्तार, वर्षाको पानी सञ्चय तथा जलाधार व्यवस्थापनमा ध्यान नदिई डिप बोरिङ विस्तारमा जोड दिइए मधेशमा पानी संकट थप जटिल बन्न सक्ने विज्ञहरूको चेतावनी छ।
पछिल्ला वर्षहरूमा कतिपय स्थानीय तहले खानेपानी अभाव भएपछि दमकल र ट्यांकरमार्फत पानी वितरण गर्नुपरेको अवस्था थियो।
मधेश प्रदेशको आर्थिक सर्वेक्षण २०८०÷८१ अनुसार प्रदेशमा सिँचाइयोग्य क्षेत्रमध्ये ८५.३६ प्रतिशत क्षेत्रमा मात्र सिँचाइ सुविधा पुगेको छ । प्रदेशका अधिकांश परिवार खानेपानीका लागि ट्युबवेल, बोरिङ र हातेपम्पमा निर्भर छन्। तथ्यांकअनुसार ८ लाख ३० हजारभन्दा बढी परिवारले ट्युबवेल तथा हातेपम्प प्रयोग गर्छन् ।
चुरे अभियन्ता सुनिल यादवले सरकारले चुरेसँग सम्बन्धित दीर्घकालीन योजना नल्याई उत्खनन व्यवस्थापनका नाममा नयाँ संरचना र प्राधिकरणको अवधारणा अघि सारेको भन्दै आपत्ति जनाएका छन् । उनका अनुसार चुरे संरक्षणबिना भूगर्भीय जलस्रोतको दीर्घकालीन सुरक्षा सम्भव छैन।
भूगर्भविद् डा. सोमनाथ सापकोटाले तराई–मधेशमा पुग्ने भूगर्भीय पानीका लागि चुरेमा पर्याप्त पुनर्भरण हुनु अनिवार्य रहेको बताए। उनका अनुसार चुरे क्षेत्रले सिँचाइ मात्र होइन, तराई–मधेशको खानेपानी आपूर्तिमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यदि पुनर्भरणको व्यवस्थाबिना भूमिगत पानीको दोहन बढाइयो भने मधेश क्रमशः मरुभूमीकरणतर्फ उन्मुख हुन सक्ने चेतावनी उनले दिएका छन्।

# मधेश भवनको सुरक्षा, सरसफाइदेखि डीजे नियन्त्रणमा कडाइ



मधेशदृष्टि
जनकपुरधाम।
मधेश सरकारले प्रदेशको सुरक्षा, सार्वजनिक व्यवस्थापन तथा धार्मिक–सामाजिक वातावरणलाई व्यवस्थित बनाउन विभिन्न महत्वपूर्ण निर्णयहरू गरेको छ। गृह, सञ्चार तथा कानुन मन्त्रालयको समन्वयमा भएका यी निर्णयहरूले मधेश भवनको सुरक्षा व्यवस्थापनदेखि जनकपुरधाम परिक्रमा क्षेत्रमा मदिरा नियन्त्रण र ध्वनि प्रदूषण रोकथामसम्मका विषय समेटेका छन्।
सरकारले मधेश भवन परिसरको समग्र सुरक्षा संवेदनशीलताको सूक्ष्म अध्ययन गरी विस्तृत 'सुरक्षा मानक सञ्चालन कार्यविधि' तयार गर्ने निर्णय गरेको छ। यसका लागि गृह, सञ्चार तथा कानुन मन्त्रालयबाट समिति गठन गरिने र समितिले १५ दिनभित्र मस्यौदा तयार गर्ने बताइएको छ । मस्यौदा तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरी स्वीकृतिका लागि अघि बढाइनेछ।
त्यसैगरी मधेश भवनको दैनिक सरसफाइको जिम्मेवारी कार्यविभाजन अनुसार उर्जा, सिँचाई तथा खानेपानी मन्त्रालयलाई दिइएको छ । सरसफाइ कार्यको नियमित अनुगमन गर्ने व्यवस्था पनि मिलाइने सरकारको निर्णय छ।
कर्मचारी आवास क्षेत्रमा अनाधिकृत रूपमा बसोवास गरिरहेका व्यक्तिहरूलाई हटाउने विषयमा पनि सरकार कडाइका साथ अघि बढ्ने भएको छ । अनाधिकृत व्यक्तिहरूको पहिचान गरी कानुनी प्रक्रिया पूरा गरेर निश्चित समयसीमाभित्र आवास क्षेत्र खाली गराइने निर्णय गरिएको छ । यसका लागि गृह, सञ्चार तथा कानुन मन्त्रालय अन्तर्गत जिन्सी शाखा प्रमुखको संयोजनमा सुरक्षा निकायसँग समन्वय गरिनेछ।
गुठीको जग्गा व्यवस्थापनलाई व्यवस्थित बनाउन अभिलेख अद्यावधिक गर्ने तथा अतिक्रमण भएको पाइए कानुनी कारबाही अघि बढाइने निर्णय गरिएको छ । दीर्घकालीन व्यवस्थापनका लागि गुठी संस्थान शाखा कार्यालय जनकपुरधामलाई स्पष्ट कार्ययोजना तयार गर्न निर्देशन दिइएको छ। साथै सरोकारवाला तथा सुरक्षा निकायसँग समन्वय गरेर काम अगाडि बढाइने जनाइएको छ।
फुटपाथ अतिक्रमण तथा अनाधिकृत संरचना हटाउने कार्यमा स्थानीय तहलाई सुरक्षा निकायले सहयोग गर्ने निर्णय पनि सरकारले गरेको छ। बजार व्यवस्थापन तथा फुटपाथ व्यवस्थापनका क्रममा स्थानीय निकायले सहयोग मागे सुरक्षा निकायले आवश्यक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।
जनकपुरधामको धार्मिक तथा सांस्कृतिक महत्वलाई ध्यानमा राख्दै परिक्रमा मार्ग तथा आसपासका क्षेत्रमा मदिरा बिक्री वितरण र सेवन नियन्त्रण गर्ने विषयमा पनि सरकार सक्रिय देखिएको छ। यस सम्बन्धमा पूर्वमा भएका निर्णय कार्यान्वयनका लागि जनकपुर उपमहानगरपालिकालाई परिक्रमा क्षेत्रभित्र सञ्चालनमा रहेका मांस तथा मदिरा बिक्री–वितरण गर्ने होटल, पसल तथा वधशालाको एकीकृत विवरण ३० दिनभित्र मन्त्रालयमा उपलब्ध गराउन अनुरोध गर्ने निर्णय गरिएको छ । साथै इजाजत प्राप्त मदिरा पसलहरूको विवरण आन्तरिक राजस्व कार्यालयबाट माग गरिनेछ।
यस्तै सार्वजनिक स्थलमा बढ्दो ध्वनि प्रदूषण नियन्त्रण गर्न डीजे लगायतका ठूलो आवाज निकाल्ने बाजागाजामाथि नियन्त्रण गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने निर्णय गरिएको छ। सुरक्षा निकायसँगको समन्वयमा ध्वनि प्रदूषण नियन्त्रण अभियान सञ्चालन गरिने सरकारको भनाइ छ।
मधेश सरकारका यी निर्णयहरूले प्रदेशमा सुरक्षा व्यवस्थापन, सार्वजनिक अनुशासन तथा धार्मिक–सांस्कृतिक वातावरण संरक्षणमा थप कडाइ ल्याउने अपेक्षा गरिएको छ।

# महाधिवेशनअघि रास्वपामा बढ्दो विवाद

**मधेशदृष्टि**
**जनकपुरधाम।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आगामी असार ७ गतेदेखि हुने महाधिवेशनको तयारीमा जुटिरहेको छ। तर, महाधिवेशन नजिकिँदै जाँदा पार्टीभित्रको आन्तरिक विवाद सतहमा आउन थालेको छ । विशेषगरी मधेश प्रदेशमा नेतृत्व चयन र अधिवेशन प्रक्रियालाई लिएर देखिएको विवादका कारण अधिकांश पालिका अधिवेशन प्रभावित बनेका छन्।
पार्टीले जेठ १७ गतेभित्र सबै पालिका अधिवेशन सम्पन्न गरिसक्ने कार्यतालिका तय गरे पनि विवादका कारण धेरै स्थानमा अधिवेशन हुन सकेको छैन । मधेशका विभिन्न जिल्लामा नेतृत्व चयन, कार्यसमिति गठन र अधिवेशन प्रक्रियालाई लिएर कार्यकर्ताबीच तीव्र असन्तुष्टि देखिएको छ।
गएको शनिबार बारा जिल्लामा आयोजित जिल्ला अधिवेशन नै विवादमा तानियो । एक पक्षले एकलौटी ढंगले जिल्ला कार्यसमिति गठन गर्न खोजिएको आरोप लगाउँदै विरोध जनाएपछि कार्यक्रम तनावग्रस्त बनेको थियो । विवाद चर्किएपछि झडपको अवस्था सिर्जना भएको र स्थिति नियन्त्रणमा लिन प्रहरी परिचालन गर्नुपरेको थियो । त्यतिबेला पार्टीका प्रतिनिधिसभा सदस्यहरूलाई समेत प्रहरी सुरक्षाको




सहारा लिनुपरेको थियो।
यसअघि वैशाख २७ गते रास्वपाको केन्द्रीय समितिले बारा जिल्ला कार्यसमिति विघटन गर्दै केही सदस्यलाई निष्कासन गरेको थियो। निष्कासित पक्षधरहरूले अधिवेशन बिथोल्न खोजेको आरोप प्रतिनिधिसभा सदस्य रहबर अन्सारीले लगाउँदै आएका छन्।
तर, अर्को पक्षले भने पार्टीका सक्रिय तथा भुइँ तहमा काम गर्ने कार्यकर्तालाई 'बाइपास' गरेर अधिवेशन गराउन खोजिएको भन्दै असन्तुष्टि जनाएको छ । केन्द्रीय समितिले बारामा जिल्ला कार्यसमिति गठन नगरी वडा र पालिका अधिवेशन अघि बढाउन निर्देशन दिइसकेको छ।
महोत्तरीमा पनि अधिवेशनको क्रममा विवाद चर्किएको छ। जलेश्वर नगरपालिकामा आयोजित नगर अधिवेशनमा सभापति चयनको विषयलाई लिएर दुई पक्षबीच तीव्र विवाद भएको थियो । सभापति पदका आकांक्षी अजय साह र विनय राय पक्षबीच सर्वसम्मत नेतृत्व चयन गर्ने वा निर्वाचनमार्फत नेतृत्व चयन गर्ने भन्ने विषयमा मतभेद भएपछि अधिवेशन प्रभावित बनेको हो।
एक पक्षले सहमतिमै नेतृत्व चयन गर्नुपर्ने अडान राखेको थियो भने अर्को पक्षले लोकतान्त्रिक अभ्यासअनुसार निर्वाचन हुनुपर्ने माग गरेको थियो। विवाद बढेपछि अधिवेशनस्थलमै होहल्ला र तनावको अवस्था सिर्जना भएको थियो।
महोत्तरी जिल्ला सभापति शुभमकुमार यादवले सबै पक्षको नेतृत्वमा जाने चाहना भएकाले विवाद देखिएको स्वीकार गरे। 'सबै पदमा जान चाहन्छन्, सबैको इच्छा हुन्छ,' उनले भने, 'तर पार्टीले आफ्नो विधिअनुसार नै अधिवेशन गर्छ।'
धनुषामा पनि विवादका कारण अधिकांश पालिका अधिवेशन रोकिएका छन् । जिल्लाका १८ स्थानीय तहमध्ये हालसम्म चार स्थानमा मात्रै अधिवेशन सम्पन्न भएको रास्वपा धनुषा सभापति लक्ष्मेश्वर यादवले जानकारी दिए । उनका अनुसार मिथिला नगरपालिका, बटेश्वर गाउँपालिका, क्षीरेश्वरनाथ नगरपालिका र लक्ष्मीनियाँ गाउँपालिकामा मात्र अधिवेशन सम्पन्न भएको छ।
धनुषाधाम नगरपालिकामा जेठ ९ गतेका लागि तय गरिएको अधिवेशन विवादका कारण रोकिएको थियो। सभापति यादवका अनुसार तदर्थ समिति बनाएर अधिवेशन गराउने तयारी भइरहेको छ । यहाँ पनि वर्तमान पालिका संयोजक राजकुमार ठाकुर र जेनजी समूहका युवा नेताबीच नेतृत्व प्रतिस्पर्धा चर्किएको बताइएको छ।
रास्वपा मधेश प्रदेश आरएटी विभाग संयोजक अम्भुप्रसाद साहले जिल्ला नेतृत्वमाथि एकलौटी ढंगले अधिवेशन सञ्चालन गर्न खोजेको आरोप लगाएका छन्। उनले सक्रिय युवा र विभिन्न पक्षलाई बाइपास गरेर अधिवेशन गराउन खोजिएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्।
राजनीतिक विश्लेषक तथा प्राध्यापक रामु साहका अनुसार राजनीतिक दलभित्र पद र शक्तिको प्रतिस्पर्धा बढ्दा यस्ता विवाद देखिने गरेका छन् । रास्वपामा देखिएको विवादलाई पनि उनले नेतृत्व र शक्तिको संघर्षकै रूपमा व्याख्या गरेका छन्।

# ७ पटक म्याद थपिदा पनि सर्लाहीमा अधुरै हुलाकी सडक



**मधेशदृष्टि**
**जनकपुरधाम।**
सर्लाहीमा पूर्व–पश्चिम हुलाकी सडक निर्माणको काम ठेक्का लागेको करिब एक दशक बितिसक्दा पनि सम्पन्न हुन सकेको छैन । पटक–पटक म्याद थप, निर्माणमा ढिलाइ र पुल निर्माणमा देखिएको अन्योलका कारण बहुप्रतीक्षित सडक आयोजना अझै अधुरै रहेको हो।
हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरले संग्रामपुरस्थित बाँके खोलादेखि बलरास्थित बागमती नदीसम्मको ४० किलोमिटर सडक तीन खण्डमा विभाजन गरेर ठेक्का दिएको थियो। २०७३ साउनबाट सुरु भएको निर्माण कार्य हालसम्म सात पटक म्याद थप हुँदासमेत पूरा हुन सकेको छैन।
निर्देशनालयले बाँके खोलादेखि मलंगवासम्मको १५ किलोमिटर सडक निर्माणको जिम्मा २३ करोड रुपैयाँमा हिन्दुंग ठक्कर हिरा एन्ड नमिता कन्स्ट्रक्सनलाई दिएको थियो । त्यस्तै मलंगवादेखि रहुवासम्मको अर्को १५ किलोमिटर सडक २४ करोड रुपैयाँमा हिन्दुंग ठक्कर साह निर्माण सेवाले पाएको थियो । रहुवादेखि बलरास्थित बागमती नदी किनारसम्मको १० किलोमिटर सडक १६ करोड रुपैयाँमा हिन्दुंग ठक्कर डिभा कन्स्ट्रक्सनलाई दिइएको थियो।
तर, निर्माण सुरु भएको वर्षौं बितिसक्दा पनि अधिकांश खण्डको काम अधुरै छ। हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय जनकपुरका सूचना अधिकारी तथा इन्जिनियर रञ्जित कुमार रायका अनुसार बाँके खोलादेखि मलंगवासम्मको सडक खण्ड अझै पूर्ण रूपमा निर्माण हुन सकेको छैन।

बाँकी पृष्ठ २ मा

# प्रसूति गृह र सामुदायिक भवन निर्माण




**म्याग्दी।**
म्याग्दीको अन्नपूर्ण गाउँपालिका–४ नारच्याङमा प्रसूति गृह र सामुदायिक भवन निर्माण गरिएका छन् । निलगिरिखोला जलविद्युत आयोजनाको ६८ लाख ४९ हजार सहयोगमा नारच्याङ स्वास्थ्य चौकी परिसरमा प्रसूति गृह र बाँसबोटमा सामुदायिक भवन निर्माण गरिएका हुन्।

अन्नपूर्ण गाउँपालिका–४ नारच्याङका वडाध्यक्ष लोकबहादुर फगामीले ३८ मेगावाट क्षमताको निलगिरी–१, ७१ मेगावाट क्षमताको निलगिरी–२ जलविद्युत् आयोजनाको प्रवर्द्धक निलगिरि खोला हाइड्रोपावरले सामाजिक उत्तरदायित्व कार्यक्रममार्फत भवन निर्माणमा सहयोग गरेको बताए।

चारकोठे दुई तले प्रसूति गृह भवनमा गाउँपालिकाले स्वास्थ्य सामग्री र उपकरण व्यवस्थापन गरेर प्रसूति गृह सञ्चालन गरेको छ । बाँसबोटमा निर्माण भएको सभाहलसहितको दुई तले भवनमा भेला, बैठक, तालिम, गोष्ठीका साथै भोजभतेर र सांस्कृतिक कार्यक्रम सञ्चालन गर्न सहज भएको स्थानीय तम चोचाङ्गीले बताए । बाँसबोटको भवन निर्माणका लागि स्थानीय डिलमाया तिलिजाले चार रोपनी आठ आना जग्गा निःशूल्क उपलब्ध गराएका थिए । आयोजनाले वडा कार्यालयको सिफारिस र प्रभावित क्षेत्रका बासिन्दाको मागअनुसार अन्य स्थानीय विकास निर्माण तथा सामाजिक क्षेत्रमा पनि सहयोग गरिरहेको जनाएको छ। रासस

# खोक्सिकमा खेलमैदान स्तरोन्नतिका काम सुरु



**भोजपुर।**
भोजपुरको रामप्रसाद राई गाउँपालिका–८ खोक्सिकमा रहेको खेलमैदान स्तरोन्नतिका काम सुरु गरिएका छन् । स्थानीयस्तरमा खेलकुद क्षेत्रको विकासका लागि खेल मैदानलाई व्यवस्थित र सुविधासम्पन्न बनाउन लागिएको हो।

वडाध्यक्ष बाचकुमार राईका अनुसार चालु आर्थिक वर्षमा प्रदेश सरकार र प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत करिब १५ लाखको लागतमा खेलमैदान स्तरोन्नति भइरहेको हो । उनले भने, युवा पुस्तालाई खेलकुदतर्फ आकर्षित गर्दै स्थानीयस्तरमै खेल गतिविधि सञ्चालन गर्न सहज बनाउने उद्देश्यले मैदान स्तरोन्नतिको काम अघि बढाएका हौँ । वडाध्यक्ष राईले आगामी दिनमा थप बजेटको व्यवस्थापन गरी दर्शक बस्ने स्थान, घेराबार, शौचालय तथा अन्य पूर्वाधार विकासका काम क्रमशः अघि बढाइने बताए।

मैदानका स्तरोन्नतिपछि यहाँ फुटबल, भलिबललगायत विभिन्न खेल नियमित रूपमा सञ्चालन गर्न सहज हुनेछ । खेलमैदान स्तरोन्नतिले गाउँमै खेल प्रतियोगिता आयोजना तथा त्यसमार्फत स्वस्थ जीवनशैली प्रवद्र्धन गर्न पनि सहयोग पुग्ने अपेक्षा रहेको स्थानीय युवा सिरोज श्रेष्ठले बताए। रासस

# ७ पटक म्याद थपिदा पनि...

"कतिपय स्थानमा कालोपत्रे गरिएको सडकसमेत बिग्रिएको छ, धेरै ठाउँमा काम अधुरै छ," उनले भने।

उनका अनुसार मलंगवादेखि रहुवासम्मको १५ किलोमिटर सडकमा अधिकांश भागमा कालोपत्रे सम्पन्न भए पनि मुसैलीस्थित एकपोखरी अगाडि करिब १०० मिटर सडक कालोपत्रे हुन बाँकी छ। रहुवादेखि बलरास्थित बागमती नदी किनारसम्मको सडक खण्ड पनि अझै अधुरै रहेको उनले बताए।

सडक निर्माणसँगै दुई ठूला पुल निर्माणको काम पनि अलपत्रजस्तै बनेको छ। झिम र लखनदेही नदीमा बन्ने पुलको ठेक्का वेदांशी कन्स्ट्रक्सनले पाएको भए पनि निर्माणले गति लिन सकेको छैन। दुवै पुलको लागत करिब ३०–३० करोड रुपैयाँ रहेको कार्यालयले जनाएको छ।

इन्जिनियर रायका अनुसार लखनदेही पुलको डिजाइन स्वीकृत भइसके पनि निर्माण सुरु हुन सकेको छैन भने झिम पुलको डिजाइन अझै स्वीकृत नभएकाले काम अघि बढ्न नसकेको हो । दुवै पुल निर्माणको म्याद २०८४ साउन मसान्तसम्म तोकिएको छ।

प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले भने निर्माण कार्य अघि बढिरहेको दाबी गरेका छन् । केही दिनअघि मात्रै हुलाकी राजमार्ग आयोजना कार्यालय जनकपुरका प्रमुख कृष्णकुमार महतोसँग छलफल भएको उल्लेख गर्दै उनले स्थानीय अवरोध हटाइएको बताए। उनले सम्बन्धित निकायबीच निरन्तर समन्वय भइरहेको र आयोजना समयमै सम्पन्न हुने विश्वास व्यक्त गरे।

तर, वर्षौंदेखि सडकको समस्या झेलिरहेका स्थानीय भने सरकारी आश्वासनबाट निराश बन्दै गएका छन् । सडक निर्माणको माग गर्दै जिल्लाका सांसद, पालिका प्रमुख, नागरिक समाजका अगुवालगायतले पटक–पटक धर्ना र दबाब कार्यक्रमसमेत गर्दै आएका छन् । विभिन्न मन्त्रीहरूले जिल्लाको भ्रमणका क्रममा छिट्टै सडक निर्माण सम्पन्न हुने आश्वासन दिए पनि अवस्था जस्ताको त्यस्तै रहेको स्थानीयको गुनासो छ।

लामो समयदेखि अलपत्र बनेको हुलाकी सडकका कारण स्थानीयवासी धुलो, हिलो र जोखिमपूर्ण यात्राको समस्या भोग्न बाध्य छन् । निर्माणमा भइरहेको ढिलाइले सरकारको कार्यक्षमता र ठेकेदार कम्पनीको जिम्मेवारीमाथि समेत प्रश्न उठ्न थालेको छ।

# स्वर्णिम बजेटः बालुवाको जगमा शब्दको महल

–केशव पाठक



सडकको आक्रोश र मतपेटिकाको विद्रोहले सिंहदरबारमा एउटा नयाँ राजनीतिक स्तम्भ त उभ्यायो, तर त्यो स्तम्भमाथि देशले अपेक्षा गरेको नयाँ बजेट जेठ १५ को घाममै पग्लियो । बजेट सार्वजनिक भएपछि स्पष्ट भएको छ, यो बजेट कुनै नयाँ आर्थिक दर्शनको दस्ताबेज होइन; पुरानै विचारलाई नयाँ भाषा र शैलीमा बेच्ने अर्को प्रयास मात्र हो।

वर्षौंदेखि कर्मचारीतन्त्रको जडता र पुरानो आर्थिक सोचमाथि प्रहार गर्दै आएका हजार कुरा गरिरहेका अर्थमन्त्री डा. स्वर्णिम वाग्ले अन्ततः त्यही संरचनाको बन्दी बनेकाझैँ देखिएका छन् । बाहिरबाट हेर्दा यो बजेट आधुनिक देखिन्छ, भाषिक रूपमा आकर्षक पनि छ । तर यसको आवरण हटाएर भित्र छिर्दा पुरानै असफलताको अनुहार भेटिन्छ । संसद्को रोष्ट्रममा यो बजेट सुन्दा आशावादी सुनिन्छ, तर बजार, भान्सा र उद्योगको वास्तविकतासँग जुधाउँदा यसको चमक तुरुन्तै उड्छ।

बजेट वक्तव्यमा ताली बजाउन सकिने बुँदाको अभाव छैन । आयकरको सीमा बढाइएको छ, उच्च करको दर घटाइएको छ, सयौँ वस्तुको अन्तःशुल्क हटाइएको छ । तर अर्थशास्त्र तालीले होइन, परिणामले चल्छ। आर्थिक विधेयकका पानामा पुग्ने बित्तिकै अर्को कथा सुरु हुन्छ।

नेपालले २०५४ सालमा अनेक थरीका करहरूको झन्झट हटाएर मूल्य अभिवृद्धि कर (भ्याट) लाई केन्द्रमा राखेको थियो । तर अहिले कर सुधारको नाममा फेरि पाँच नयाँ शीर्षकका करहरू जन्माइएका छन् । अन्तःशुल्क हटायौँ भनेर घोषणा गर्नु र त्यही राजस्व अर्को नाममा असुल्नु सुधार होइन, करको पोसाक फेर्नु मात्र हो। जनताको गोजीबाट पैसा झिक्ने हात उही हो, केवल पञ्जाको रंग फेरिएको छ।

अझ रोचक त विरोधाभास छ । एकातिर दोहोरो भ्याटबारे अध्ययन गर्ने घोषणा गरिएको छ, अर्कोतिर बिजुली र राइड–सेयरिङ क्षेत्रमा व्यवहारतः दोहोरो करको अभ्यास सुरु गरिएको छ। नीति एउटा, व्यवहार अर्को । यस्तो अवस्थामा सुधारको भाषण विश्वसनीय रहँदैन । डा. स्वर्णिम वाग्लेसँग राजनीतिक वैधता, बौद्धिक क्षमता र जनअपेक्षा–तीनै थिए। तर, इतिहासले कहिलेकाहीँ अवसरभन्दा साहसको मूल्य बढी खोज्छ। यो बजेट पढ्दा लाग्छ, उनले अवसर त पाए, तर साहस भने प्रयोग गरेनन्।

प्रत्यक्ष कर घटाएर अप्रत्यक्ष कर बढाउने नीति संसारभरि नै असमानताको सूत्र मानिन्छ । किनकि धनीले कर छुटको लाभ लिन्छ, गरिबले मूल्यवृद्धिको सजाय भोग्छ । आयकर घटेको खुसी बैंक खातामा भएको वर्गले पाउँछ; तर चामल, तेल र नुनको मूल्य बढ्दा त्यसको पीडा दैनिक ज्यालादारी गर्ने नागरिकले भोग्छ। पूर्वाधारतर्फ हेर्दा बजेट अझ बढी कल्पनाको भूगोलमा हराएको देखिन्छ। हिजो 'गण्डकी त्रिभुज' थियो, आज 'मध्य–मधेस, गण्डकी र कर्णाली चतुर्भुज' आएको छ। नाम सुन्दा आकर्षक लाग्छ । तर ती चतुर्भुजका कुनाहरू कहाँ जोडिन्छन् भन्ने स्पष्टता छैन । न विस्तृत परियोजना प्रतिवेदन, न वातावरणीय अध्ययन, न वित्तीय सुनिश्चितता । योजना कम, नक्साको रोमान्स बढी।

देशलाई रूपान्तरण गर्ने कुनै ठूलो आयोजना यस बजेटमा देखिँदैन। सडक, जलविद्युत्, सिँचाइ वा सार्वजनिक यातायातमध्ये कुनै क्षेत्रमा पनि निर्णायक छलाङको संकेत छैन । वैदेशिक लगानी भित्र्याउने कुरा धेरै गरिएको छ, तर लगानीकर्ताले खोज्ने कानुनी स्थायित्व, नीतिगत विश्वसनीयता र प्रशासनिक सुरक्षाबारे बजेट मौन छ । रेलको सपना देखाएर स्टेशनसमेत नबनाउनु जस्तै हो यो। सबैभन्दा चिन्ताजनक पक्ष शिक्षा क्षेत्रमा देखिन्छ। भाषणमा डिजिटल नेपाल छ, कृत्रिम बुद्धिमत्ता छ, डेटा सेन्टर छन्, स्टार्टअप छन्, टेक्नोलोजी निर्यातको सपना छ। तर शिक्षा बजेट भने खुम्चिएको छ। मानव पुँजी निर्माण नगरी प्रविधि क्रान्तिको घोषणा गर्नु भनेको बीउ नरोपी फलको अपेक्षा गर्नु जस्तै हो।

देशलाई सफ्टवेयर निर्यातकर्ता बनाउने सपना सुन्दर छ। तर त्यो सपना पूरा गर्ने इन्जिनियर, प्रोग्रामर, अनुसन्धानकर्ता र नव प्रवर्तक कहाँबाट आउँछन् ? विश्वविद्यालय कमजोर पारेर डेटा सेन्टर बनाउनु भनेको जग खोतलेर महल थप्नु हो । बजेटको अर्को रोचक विरोधाभास आर्थिक सुधारको भाषाभित्र लुकेको राज्य विस्तार हो । दोस्रो चरणको आर्थिक सुधारको चर्चा गरिन्छ, तर राज्यले निजी क्षेत्रलाई बलियो बनाउनेभन्दा आफैँ नयाँ कम्पनी खोल्ने र बजारमा प्रतिस्पर्धी बन्ने संकेत दिन्छ। सुधारको नाराभित्र पुरानै नियन्त्रणमुखी मानसिकता लुकेको देखिन्छ।

बजेट वक्तव्यमा ताली बजाउन सकिने बुँदाको अभाव छैन । आयकरको सीमा बढाइएको छ, उच्च करको दर घटाइएको छ, सयौँ वस्तुको अन्तःशुल्क हटाइएको छ । तर अर्थशास्त्र तालीले होइन, परिणामले चल्छ । आर्थिक विधेयकका पानामा पुग्ने बित्तिकै अर्को कथा सुरु हुन्छ।

२१ खर्ब २४ अर्बको बजेट आकारमा ठूलो अवश्य छ। तर आकारले मात्र अर्थतन्त्र बलियो हुँदैन । बढेको रकमको ठूलो हिस्सा विकास निर्माणमा होइन, चालु खर्च, तलब, भत्ता र ऋणको साँवा–ब्याजमा खर्च हुँदैछ । विकासको इन्धनभन्दा प्रशासनको पेट्रोल बढी भरिएको छ । राजस्वको लक्ष्य पनि यथार्थभन्दा आशावादको क्षेत्रमा बढी देखिन्छ । विगतका वर्षहरूले लक्ष्य र उपलब्धिबीचको दूरी बारम्बार देखाइसकेका छन् । यस्तो अवस्थामा राजस्व बढ्ने अपेक्षा र कर छुटको उदार नीति एकै पटक अघि सारिनु गणितभन्दा राजनीतिक आशावाद बढी हो।

अन्ततः प्रश्न एउटै हो–यो बजेटले देशलाई नयाँ बाटोमा लैजान्छ कि पुरानै बाटोलाई नयाँ नाम दिन्छ ? भदौको आन्दोलन र फागुनको निर्वाचनले परिवर्तनको म्यान्डेट दिएको थियो। नागरिकले नयाँ अनुहार मात्र होइन, नयाँ सोच खोजेका थिए। तर यो बजेट पढिसकेपछि लाग्छ–अनुहार बदलिएको छ, सोच भने धेरै हदसम्म उही छ।

अर्थतन्त्र शब्दले होइन, उत्पादनले बदलिन्छ। बुँदाले होइन, परिणामले बोल्छ । भाषणले होइन, रोजगारले आशा जगाउँछ। अर्को वर्षको जेठ १५ कुर्नु पर्दैन, केही महिनामै राजस्व, पूँजीगत खर्च र बजारको मूल्यसूचकांकले यो बजेटको वास्तविक अनुहार देखाइदिनेछ। डा. स्वर्णिम वाग्लेसँग राजनीतिक वैधता, बौद्धिक क्षमता र जनअपेक्षा–तीनै थिए । तर, इतिहासले कहिलेकाहीँ अवसरभन्दा साहसको मूल्य बढी खोज्छ। यो बजेट पढ्दा लाग्छ, उनले अवसर त पाए, तर साहस भने प्रयोग गरेनन्।

शब्दका जर्नेलहरूले केही समयसम्म जनमत जित्न सक्छन्। तर अर्थतन्त्रको युद्ध मैदानमा अन्ततः जित्नेहरू जमिनमा पसिना बगाउने सिपाहीहरू नै हुन्छन् । नेपालको अर्थतन्त्रलाई आज शब्दका सेनापति होइन, उत्पादन, लगानी र श्रमका वास्तविक योद्धा चाहिएका छन्।

# सद्भावना पार्टी नेपाली कांग्रेसमा समाहित



**काठमाडौं।**
राष्ट्रिय सद्भावना पार्टी नेपाली कांग्रेसमा समाहित भएको छ । आइतबार नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा एक कार्यक्रम गरी पार्टी सभापति गगन थापा र सद्भावना पार्टीका अध्यक्ष अनिल झाबीच हस्ताक्षर भएको हो।

झा यसअघि फागुन २१ गतेको निर्वाचनमा रौतहट १ मा नेपाली कांग्रेसको तर्फबाटै उम्मेदवार बनेका थिए। समायोजन सहमति कार्यक्रममा सभापति थापा, झा, कांग्रेस महामन्त्री प्रदीप पौडेललगायत नेताहरूको उपस्थिति थियो।

# राष्ट्रियसभाबाट दुई विधेयक पारित



**काठमाडौँ।**
राष्ट्रियसभाबाट निर्वाचनसम्बन्धी दुई विधेयक पारित भएका छन् । सभाको आइतबारको बैठकबाट प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) विधेयक, २०८३ र मतदाता नामावली (पहिलो संशोधन) विधेयक, २०८३ बहुमतले पारित गरिएको हो।

यसअघि बैठकमा प्रधानमन्त्री एवं गृहमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले ती विधेयक पारित गरियोस् भन्ने बेग्लाबेग्लै प्रस्ताव पेस राखेको थियो। राष्ट्रियसभाको अर्को बैठक सोमबार दिउँसो १:१५ बजे बस्नेछ।

# विपक्षी दलका तीन् सांसदलाई सभामुखले गराए सचेत



**काठमाडौँ।**
आईतबार प्रतिनिधिसभा बैठकमा एमालेका सांसद ऐनबहादुर महर, श्रम संस्कृतिका ध्रुवराज राई र आरेन राईलाईं सभामुख डोलप्रसाद अर्यालले सचेत गराएका छन्।

उनीहुलाई मर्यादा कायम नगरेको भन्दै भाषा सुधार्न सभामुख डोलप्रसाद अर्यालले ध्यानाकर्षण भएको बताए।

आइतबार प्रधानमन्त्री बालेन्द्र शाह बोलेर सकेपछि सांसदहरू महर र राईले सभामुखले समय नदिएकै समयमा पनि उठेर अमर्यादित व्यवहार देखाएको सभामुखको भनाइ छ।

# गर्मीले विद्यालयमै १० विद्यार्थी बेहोस

**मधेशदृष्टि**
**महोत्तरी।**
अत्यधिक गर्मीका कारण महोत्तरीको गौशाला नगरपालिका–१२ कान्तिबजारस्थित राष्ट्रिय माध्यमिक विद्यालयमा आइतबार १० जना छात्रा बेहोस भएका छन्। विद्यालय प्रशासनका अनुसार कक्षा ८, ९ र १० मा अध्ययनरत छात्रा अत्यधिक गर्मीले गर्दा अचेत भएका हुन् । बेहोस भएका छात्रामध्ये ७ जनालाई कान्तिबजार स्वास्थ्य चौकीमा उपचारका लागि लगिएको थियो। तीमध्ये ६ जनाको उपचारपछि घर पठाइएको छ भने टाउको दुख्ने र सास फेर्न गाह्रो भई गम्भीर अवस्थामा रहेकी एक छात्रालाई थप उपचारका लागि नगर अस्पताल गौशाला रेफर गरिएको विद्यालयले जनाएको छ। सामान्य अवस्थाका अन्य ७ छात्रालाई विद्यालयमै आराम गराएर अभिभावकको जिम्मा लगाइएको छ । कान्तिबजार स्वास्थ्य चौकीकी सिनियर अहेव निलम कुशवाहाका अनुसार उपचारका लागि आएका छात्राहरूमा न्यून रक्तचाप, जलविनियोजन, टाउको दुख्ने तथा सास फेर्न गाह्रो हुनेजस्ता लक्षण देखिएका थिए । घटनापछि विद्यालयले छैटौँ पिरियडपछि पठनपाठन बन्द गरेको छ । विद्यालयका प्रधानाध्यापक रामस्नेही यादवले विद्यालय भवन निर्माणाधीन अवस्थामा रहेकाले जस्तापाताको छानो भएका कक्षाकोठामा पढाइ सञ्चालन भइरहेको बताए। आइतबार करिब ३५ डिग्री सेल्सियस तापक्रम रहेको र बिहानैदेखि विद्युत् आपूर्ति अवरुद्ध हुँदा जस्ताको ताप सिधै विद्यार्थीमाथि परेको थियो।

## वीरगंजमा अन्तरविद्यालय फुटबल प्रतियोगिता हुँदै

# जेठ १८ देखि प्रतिस्पर्धा सुरु




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा विद्यालयस्तरको फुटबल खेललाई प्रोत्साहन गर्ने उद्देश्यले 'प्रथम वीरगंज अन्तरविद्यालय फुटबल प्रतियोगिता–२०८३' आयोजना हुने भएको छ। वीरगंज यूथ एकेडेमीको मुख्य आयोजनामा तथा मुनलाइट इङ्ग्लिस बोर्डिङ स्कुलको सह–आयोजनामा प्रतियोगिता सञ्चालन गर्न लागिएको हो । आयोजकका अनुसार प्रतियोगिता जेठ १८ देखि २५ गतेसम्म आदर्शनगर फुटबल मैदानमा हुनेछ । प्रतियोगितामा वीरगंजका विभिन्न विद्यालयका टोलीहरूले सहभागिता जनाउनेछन्।

प्रतियोगिताको उद्घाटन खेलमा मुनलाइट इङ्ग्लिस बोर्डिङ स्कुल र सफल विद्यालय आमनेसामने हुनेछन्।

त्यसपछि जेठ १९ गते बिकन र लिटल फ्लावर, जेठ २० गते मोडर्न र नवदीप तथा जेठ २१ गते साउथ जोन, काभेरी र अल्पाइन विद्यालयबीच प्रतिस्पर्धा हुने तालिका तय गरिएको छ । प्रारम्भिक चरणका विजेता टोलीहरू सेमिफाइनल हुँदै उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन् भने फाइनल खेल जेठ २५ गते आयोजना हुनेछ। प्रतियोगितालाई थप उत्साहजनक बनाउन समाजसेवी, अधिवक्ता तथा प्याब्सनका पूर्व केन्द्रीय सदस्य प्रकाश उपाध्यायले विशेष सहयोगको घोषणा गरेका छन् । उनले प्रतियोगिताको प्रत्येक खेलमा उत्कृष्ट प्रदर्शन गर्ने 'म्यान अफ द म्याच' खेलाडीलाई नगद एक हजार रुपैयाँ पुरस्कार प्रदान गर्ने जानकारी दिए।

उपाध्यायले विद्यालय तहबाटै खेल प्रतिभाको खोजी र प्रोत्साहन आवश्यक रहेको उल्लेख गर्दै यस्ता प्रतियोगिताले विद्यार्थीहरूमा अनुशासन, नेतृत्व विकास तथा स्वस्थ प्रतिस्पर्धाको भावना अभिवृद्धि गर्ने विश्वास व्यक्त गरे । वीरगंज यूथ एकेडेमीका अनुसार प्रतियोगिताको उद्देश्य स्थानीय स्तरमा फुटबल खेलको लोकप्रियता कायम राख्नुका साथै नयाँ खेलाडी उत्पादनका लागि उपयुक्त वातावरण सिर्जना गर्नु हो। प्रतियोगिताले विद्यालयस्तरका खेलाडीहरूलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर प्रदान गर्दै वीरगंजको फुटबल गतिविधिलाई थप गतिशील बनाउने अपेक्षा गरिएको छ।

# प्रसौनी प्रिमियम लिग क्रिकेट प्रतियोगिता सुरु, चार टोलीबीच उपाधि प्रतिस्पर्धा

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिका–२३ प्रसौनी बिर्तामा चौथो संस्करणको 'प्रसौनी प्रिमियम लिग २०८३' क्रिकेट प्रतियोगिता आइतबारदेखि औपचारिक रूपमा सुरु भएको छ । युवाहरूमा खेलकुद संस्कृतिको विकास गर्दै अनुशासन, सद्भाव र भाइचाराको भावना प्रवद्र्धन गर्ने लक्ष्यसहित प्रतियोगिता आयोजना गरिएको आयोजकले जनाएको छ।

प्रतियोगिताको उद्घाटन समाजसेवी लालबाबु यादवले गरेका थिए । उद्घाटन समारोहलाई सम्बोधन गर्दै उनले खेलकुदले युवालाई सकारात्मक सोच र सिर्जनात्मक गतिविधितर्फ आकर्षित गर्ने उल्लेख गरे। यस्ता प्रतियोगिताले सामाजिक एकता सुदृढ गर्नुका साथै युवाहरूमा अनुशासन र सहकार्यको भावना विकास गर्न महत्वपूर्ण योगदान



पु¥याउने उनको भनाइ थियो । वीरगंज महानगरपालिका वडा नम्बर २३ को आर्थिक सहयोगमा सञ्चालन भइरहेको प्रतियोगितामा प्रसौनी लायन्स, रोयल्स च्यालेन्जर्स बैरिया, राइजिङ स्टार तथा सफु किंग्स गरी चार टोली सहभागी छन्। उपाधिका लागि टोलीहरूबीच प्रतिस्पर्धा हुने आयोजकले जनाएको छ।

कार्यक्रम संयोजक सुजित साहको अध्यक्षतामा सम्पन्न उद्घाटन समारोहमा नेकपा एमालेका नेता भोला यादव, नेपाली कांग्रेसका नेता धुरुप यादव, वडा सदस्य कान्ति देवी तथा युवा समाजसेवी फैयाज अन्सारीलगायत स्थानीय अगुवा, खेलप्रेमी र युवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । उद्घाटन कार्यक्रममा बोल्ने वक्ताहरूले खेलकुद युवाहरूलाई दुव्र्यसनबाट जोगाउने प्रभावकारी माध्यम भएको उल्लेख गर्दै स्वस्थ, सभ्य र सकारात्मक समाज निर्माणका लागि यस्ता प्रतियोगिताको निरन्तरता आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

# लिटिल बडी प्रि–स्कुलका बालबालिकाद्वारा आमाको छात्रावासलाई शैक्षिक सामग्री सहयोग

**मधेशदृष्टि**
**वीरगंज।**
सामाजिक उत्तरदायित्वप्रति सचेतना देखाउँदै लिटिल बडी प्रि–स्कुलका बालबालिकाहरूले वीरगंजस्थित आमाको छात्रावासमा आश्रित बालबालिकाका लागि शैक्षिक सामग्री सहयोग गरेका छन् । विद्यालयका विद्यार्थीहरूले स्वयं रकम संकलन गरी छात्रावासमा रहेका बालबालिकाको शिक्षामा टेवा पुग्ने उद्देश्यले सामग्री उपलब्ध गराएका हुन्।

विद्यालयका अनुसार छात्रावासमा बसोबास गर्दै अध्ययनरत बालबालिकाको शैक्षिक आवश्यकतालाई ध्यानमा राख्दै ४० दर्जन कापी, ३६० थान पेन्सिल, इरेजर तथा कटर हस्तान्तरण गरिएको हो । उक्त सामग्री विद्यालयका प्रतिनिधिमार्फत छात्रावास व्यवस्थापन पक्षलाई प्रदान गरिएको थियो।



कार्यक्रममा विद्यालयका प्रिन्सिपल विजय बलले शिक्षालाई समाज रूपान्तरणको आधारस्तम्भका रूपमा व्याख्या गर्दै आश्रित तथा वञ्चित बालबालिकाको अध्ययनमा सहयोग गर्नु विद्यालयको सामाजिक दायित्व भएको बताए । यस्ता सहयोगात्मक गतिविधिले बालबालिकाको आत्मविश्वास बढाउनुका साथै उनीहरूमा भविष्यप्रति सकारात्मक दृष्टिकोण विकास गर्न सहयोग पुग्ने उनको भनाइ थियो। प्याब्सन वीरगंज महानगर समितिका अध्यक्ष राहुल श्रीवास्तवले निजी विद्यालयहरूले सामाजिक उत्तरदायित्वअन्तर्गत यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याए । उनले लिटिल बडी प्रि–स्कुलको पहललाई अनुकरणीय कार्यको संज्ञा दिँदै अन्य शैक्षिक संस्थाका लागि समेत प्रेरणाको स्रोत बन्न सक्ने बताए।

त्यसैगरी, वीरगंज युवा समाजका पूर्व अध्यक्ष कमल चौगाईले यस्ता सहयोगमूलक कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने उल्लेख गरे । उनले आश्रित तथा आर्थिक रूपमा कमजोर बालबालिकाको शिक्षामा योगदान पु¥याउनु सम्पूर्ण समाजको साझा दायित्व भएको धारणा व्यक्त गरे । विद्यालयका प्रिन्सिपल विजय बलको अध्यक्षतामा सम्पन्न कार्यक्रममा शिक्षिका खुशी श्रेष्ठ, शोभा साह, दीपा राई, श्वेता गुप्ता तथा पत्रकार दीपू वर्णवाललगायतको सहभागिता रहेको थियो।

# ठोरी वृद्धाश्रमलाई मासिक खाद्यान्न सहयोग



**मधेशदृष्टि**
**वीरगंज।**
मानवीय सेवामा सक्रिय उपकार सेवा नेपालले आफ्नो नियमित सामाजिक अभियानअन्तर्गत पर्साको ठोरी गाउँपालिका–१ भगवाननगरस्थित वृद्धाश्रमलाई खाद्यान्न तथा दैनिक उपभोग्य सामग्री सहयोग गरेको छ। आश्रममा आश्रित रहेका असहाय, अपाङ्गता भएका, सुस्तमनस्थिति भएका व्यक्ति, वृद्धवृद्धा तथा बालबालिकाको भरणपोषणमा टेवा पु¥याउने उद्देश्यले संस्थाले मासिक रूपमा सहयोग उपलब्ध गराउँदै आएको हो।

संरक्षण र सहाराको अभावमा रहेका नागरिकहरूको आश्रयस्थल बनेको उक्त वृद्धाश्रममा हाल १८ जना आश्रित रहेका छन् । उनीहरूको दैनिक भोजन व्यवस्थापन तथा आश्रम सञ्चालनलाई सहज बनाउन उपकार सेवा नेपालले प्रत्येक महिना आवश्यक खाद्यान्न र अन्य जिन्सी सामग्री उपलब्ध गराउने गरेको छ । यस महिनाको सहयोगअन्तर्गत संस्थाले ३०–३० किलोग्रामका दुई बोरा चामल, एक बोरा पिठो, एक बोरा सोयाबिन (मस्यौरा), १० किलोग्राम दाल, ४ लिटर खानेतेल र ५ किलोग्राम नुन प्रदान गरेको छ । साथै आश्रमको सरसफाइ तथा भान्छा सञ्चालनका लागि आवश्यक सर्फ, लुगा धुने साबुन, नुहाउने साबुन, धनियाँ, खुर्सानीलगायत विभिन्न मरमसला र दैनिक प्रयोगका सामग्रीहरू पनि उपलब्ध गराइएको संस्थाले जनाएको छ।

सहयोग सामग्री हस्तान्तरणका लागि आयोजित कार्यक्रममा आश्रमका व्यवस्थापकीय सदस्यहरू युहन्न गुरुङ, ममता गुरुङ र बिमाया थापाको उपस्थिति रहेको थियो । कार्यक्रममा उपकार सेवा नेपालकी अध्यक्ष विद्या कुमारी सरावगी तथा सामाजिक अभियन्ता प्रकाश थारूले संयुक्त रूपमा आश्रमका प्रतिनिधिहरूलाई सामग्री हस्तान्तरण गरेका थिए । सामग्री ग्रहण गर्दै आश्रमका प्रतिनिधिहरूले बढ्दो महँगी र सीमित आर्थिक स्रोतका बीच संस्थाले नियमित रूपमा प्रदान गर्दै आएको सहयोगले आश्रम सञ्चालनमा उल्लेखनीय राहत पुगेको बताए । उनीहरूले उपकार सेवा नेपालप्रति आभार व्यक्त गर्दै यस्ता सहयोगले आश्रितहरूको दैनिक जीवन सहज बनाउन महत्वपूर्ण योगदान पु¥याएको उल्लेख गरे।

कार्यक्रममा बोल्दै संस्थाकी अध्यक्ष विद्या कुमारी सरावगीले समाजका असहाय, पीडित तथा राज्यको पहुँचभन्दा टाढा रहेका वृद्धवृद्धा र बालबालिकाको सेवामा समर्पित रहनु नै संस्थाको मूल उद्देश्य रहेको बताइन्। उनले मानवीय सहयोगको यो अभियान आगामी दिनमा पनि निरन्तर अघि बढाइने प्रतिबद्धता व्यक्त गरिन्।

# इनार खन्ने क्रममा एकको मृत्यु

**महोत्तरी।**
महोत्तरी जिल्लाको गौशाला नगरपालिका– १२ पडरिया गाउँमा आइतबार इनार खन्ने क्रममा एक मजदुरको मृत्यु भएको छ।

मृत्यु हुनेमा सर्लाही, ईश्वरपुर नगरपालिका–१३ बस्ने २२ वर्षीय मजदुर वसन्तकुमार महतो रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक पञ्चलाल गोलेले बताए।

जमिनको सतहदेखि करिब ३६ फिट तल काठको ठूटो काट्नका लागि ईनारभित्र पस्दा उनको निस्सासिएर मृत्यु भएको प्रहरी नायब उपरीक्षक गोलेले बताए।

इनारभित्र निस्सासिएर बेहोस भएका महतोलाई स्थानीयले तत्काल उद्धार गरी उपचारका लागि ईश्वरपुर नगर अस्पताल, बयलबासमा पु¥याएकामा चिकित्सकले मृत घोषणा गरेका थिए। घटना सम्बन्धमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

# साइकल चोर्ने युवक पक्राउ

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजका विभिन्न स्थानबाट श्रृंखलाबद्ध रूपमा साइकल चोरी गर्दै आएका एक युवकलाई प्रहरीले पाँच थान चोरीका साइकलसहित पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगंज महानगरपालिका–२४ रामगढवाका २६ वर्षीय लाल महमद अन्सारी रहेका छन्।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार वीरगंज महानगरपालिका–१५ स्थित नेशनल मेडिकल कलेज परिसरमा पार्किङ गरी राखिएको साइकल चोरी भएको थियो। साइकल चोरी भएको सम्बन्धमा प्राप्त निवेदनका आधारमा प्रहरीले अनुसन्धान अघि बढाएको थियो। सो क्रममा सिसिटिभी फुटेजको अध्ययन तथा खोजतलासका आधारमा अन्सारीलाई शनिबार राति रामगढवाबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले अन्सारीको साथबाट चोरी गरिएका अन्य चार थान साइकलसमेत बरामद गरेको छ। यससँगै पाँच थान साइकल बरामद गरिएको प्रहरीले जनाइएको छ।

# मोटरबाट करेन्ट लागेर महिलाको मृत्यु



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीको रामनगर गाउँपालिकामा चापाकलमा जडान गरिएको विद्युतीय मोटरबाट करेन्ट लाग्दा एक महिलाको ज्यान गएको छ । आफ्नै घर परिसरमा पानी निकाल्ने क्रममा भएको विद्युत् दुर्घटनामा रामनगर गाउँपालिका–६ मलाहाटोल निवासी ५० वर्षीया मिथलेसिया देवीको मृत्यु भएको प्रहरीले जनाएको छ। जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमका अनुसार शनिबार मिथलेसिया देवी घर पछाडि रहेको चापाकलमा पानी लिन पुगेकी थिइन्। सो क्रममा पानी तान्न प्रयोग गरिएको मोटरको तार वा बडीमा विद्युत् चुहावट हुँदा उनी करेन्टको चपेटामा परेकी हुन्।

प्रहरीका अनुसार करेन्टको तीव्र झट्काका कारण उनी गम्भीर घाइते भई घटनास्थलमै मृत्यु भएको थियो । घटना भएपछि स्थानीयवासी र परिवारजनले प्रहरीलाई जानकारी गराएका थिए। सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय तथा स्थानीय प्रहरी चौकीबाट खटिएको टोली घटनास्थल पुगेको थियो । प्रहरीले आवश्यक कानुनी प्रक्रिया पूरा गर्दै घटनास्थलको प्रारम्भिक मुचुल्का तयार पारेको जनाएको छ। मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवाको शवगृहमा राखिएको छ। घटनाबारे थप अनुसन्धान जारी रहेको सर्लाही प्रहरीले जनाएको छ। गर्मी मौसममा खानेपानीको आवश्यकता बढेसँगै तराईका विभिन्न जिल्लामा चापाकलमा विद्युतीय मोटर जडान गर्ने प्रचलन बढ्दै गएको छ । तर आवश्यक सुरक्षा मापदण्ड र प्राविधिक सावधानी नअपनाउँदा यस्ता दुःखद दुर्घटनाहरू दोहोरिने जोखिम बढ्दै गएको सरोकारवालाहरू बताउँछन्।

# रास्वपा वीरगंज महानगरको अधिवेशन जारी

**मधेशदृष्टि**
**वीरगंज।**
राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाको वीरगंज महानगरपालिकाको प्रथम अधिवेशन आईतबार जारी छ । वीरगंजको बसपार्कमा रहेको होटल सोल्टी गार्डेनमा भएको अधिवेशनको उद्घाटन सत्रमा पार्टीका केन्द्रीय सचिव तथा संगठन विभाग प्रमुख शंकर श्रेष्ठले उद्घाटन गरेका थिए।

एद्घाटनसत्रपछि महानगरको नयाँ नेतृत्वका लागि निर्वाचन प्रकृया पनि शुरु भएको जिल्ला सभापति तथा पर्सा क्षेत्र नम्बर १ का सांसद हरि पन्तले जानकारी दिए। महानगरको अध्यक्षका लागि अमन आलम र दीपराज पटेलले उम्मेदवारी दिएका छन् । रास्वपाले लोकतान्त्रिक विधि मार्फत नयाँ नेतृत्व चयन गर्ने गरी निर्वाचन शुरु गरिएको सभापति पन्तले बताए।

महानगर अधिवेशनमा सञ्चारकर्मीहरुलाई निषेध गरेको भनेर विभिन्न सामाजिक सञ्जालमा आएको विषयमा उनले आपत्ति जनाएका छन्।

उदघाटन सत्र सकिएपछि बन्दसत्र शुरु भएकोले बन्दसत्रमा महानगरका प्रतिनिधिहरु बाहेक कोही पनि पार्टीकै सदस्यहरु पनि प्रवेश गर्न नपाउने भएकोले त्यसलाई नबुझेर सामाजिक सञ्जालमा हाल्नु उचित नभएको सभापति पन्तले बताएका छन्।

अधिवेशन उदघाटन समारोहमा केन्द्रीय सचिव तथा संगठन विभाग प्रमुख श्रेष्ठ, जिल्ला सभापति तथा सांसद पन्त, पर्सा निर्वाचन क्षेत्र नं. ४ का सांसद टेकबहादुर शाक्य, कोशी–काठमाडौं सम्पर्क विभाग प्रमुख राजन दाहाल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## सम्पादकीय

# मधेशको नयाँ आशा र बजेटको कडी

मधेश प्रदेशको राजनीतिमा पछिल्लो समय आएको ठूलो फेरबदल र नयाँ शक्तिहरूको उदयले जनमानसमा एउटा बेग्लै उत्साह सञ्चार गरेको छ । वर्षौंदेखि मधेशको सत्तामा रजगज गरेका पुराना र ठूला भनिएका दलहरूलाई किनारा लगाउँदै नयाँ पार्टीको नेतृत्वमा बनेको सरकारले ल्याएको आर्थिक वर्ष २०८३/८४ को बजेट केवल अंकहरूको सङ्ग्रह मात्र नभई मधेशी जनताको न्याय र पहिचानको खोजी पनि हो । सीमान्तकृत समुदायको आवाज बनेर उदाएको जनमत पार्टी नेतृत्वको सरकारले प्रस्तुत गरेको यो बजेटले मधेशको आर्थिक र सामाजिक रूपान्तरणका लागि कस्तो मार्गचित्र कोर्छ भन्ने कुरा अहिले बहसको केन्द्रमा छ।

बजेटले मधेशलाई न्याय गरेको छ कि छैन भन्ने प्रश्नको उत्तर यसको विनियोजन प्राथमिकतामा खोजिनुपर्छ । विगतमा केन्द्र र प्रदेश दुवै तहबाट मधेशको पूर्वाधार विकासमा उपेक्षा भएको गुनासो व्याप्त थियो । यसपटकको बजेटमा कृषि, उद्योग र भौतिक पूर्वाधारलाई त्रिकोणात्मक आधारस्तम्भ मानेर गरिएको लगानीले मधेशको 'हार्टल्याण्ड'लाई औद्योगिक हब बनाउने लक्ष्य राखेको देखिन्छ । विशेषगरी सिँचाइका लागि सुनकोशी–मरिन डाइभर्सन जस्ता राष्ट्रिय गौरवका आयोजनाको सफल कार्यान्वयन र कृषिमा आधारित उद्योगहरूको प्रवद्र्धनले मधेशका किसानहरूमा न्यायको प्रत्याभूति गराउने आशा जगाएको छ।

पुराना दलहरूको 'क्लिन स्वीप' पछि बनेको नयाँ सरकारका सामु जनताको उच्च आकांक्षालाई सम्बोधन गर्ने चुनौती छ । बजेटले परम्परागत वितरणमुखी शैलीलाई त्यागेर नतिजामुखी आयोजनाहरूमा केन्द्रित हुने संकेत दिएको छ । सडक सञ्जालको विस्तार, हुलाकी राजमार्गको पूर्णता र ग्रामीण क्षेत्रलाई बजारसँग जोड्ने लिङ्क रोडहरूको निर्माणमा गरिएको जोडले मधेशको विकासको गतिलाई तीव्रता दिने अपेक्षा गरिएको छ । यसले वर्षौंदेखि विकासको फलबाट वञ्चित रहेका पिछडिएका बस्तीहरूमा पूर्वाधारको पहुँच पु¥याउने र 'नयाँ मधेश'को जग बसाल्ने विश्वास दिलाउन खोजेको छ।

यद्यपि, बजेटको सफलता यसको सुन्दर दस्तावेजमा मात्र नभई प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । नयाँ पार्टीको सरकारका लागि प्रशासनिक संयन्त्रलाई गतिशील बनाउनु र भ्रष्टाचारको जालो चिर्नु सबैभन्दा ठूलो परीक्षा हुनेछ। विगतमा बजेट खर्च हुन नसक्ने वा अन्तिम समयमा आएर कार्यकर्ता पोस्ने गरी खर्च हुने प्रवृत्तिले मधेशको विकासलाई सधैं पछाडि धकेलेको थियो। यदि नयाँ सरकारले यो बजेटलाई पारदर्शी ढंगले कार्यान्वयन गर्न सक्यो र स्थानीय तहसँगको समन्वयलाई मजबुत बनायो भने मात्र मधेशले वास्तविक न्याय पाएको मानिनेछ। निष्कर्षमा, मधेश प्रदेशको यो बजेटले निराशाको बीचमा आशाको दियो बाल्ने प्रयास गरेको छ । नयाँ राजनीतिक शक्तिले देखाएको विकासको सपना र पूर्वाधारमा गरिएको लगानीले मधेशलाई समृद्धिको बाटोमा डो¥याउने सामथ्र्य राख्छ। पुराना दलहरूको विकल्पमा आएको यो सरकारले बजेटमार्फत जनताको विश्वासलाई न्यायमा बदल्न सक्यो भने मधेशको भविष्य उज्ज्वल छ । तर, यसका लागि राजनीतिक इच्छाशक्ति र जनउत्तरदायी शासन व्यवस्थाको निरन्तरता अनिवार्य सर्त हो।

# यताको निजगढ सेलायो, उता रक्सौलमा सुविधासम्पन्न विमानस्थल बन्दै

***बारामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल बनाउने चर्चा लगभग पूरै सेलाइसक्यो । बारा, पर्साकै पारिपट्टि रक्सौलमा भने भारतले नेपाली यात्रुलाई केन्द्रमा राखेर सुविधासम्पन्न विमानस्थल बनाइरहेको छ ।***

**–रितेश त्रिपाठी**

२०७६ भदौमा काठमाडौँमा नेपाल पूर्वाधार सम्मेलन चलिरहँदा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री योगेश भट्टराईले भनेका थिए, 'अबको पाँच वर्षभित्र कुनै पनि हालतमा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल तयार हुनेछ । त्यसका लागि ठोस रूपमा प्रक्रिया अघि बढिसकेको छ ।'

भट्टराईले घोषणा गरे झैँ भएको भए यतिबेला निजगढ अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सकिएर पनि सञ्चालनमा आइसकेको हुनुपथ्र्यो । धेरै वर्षदेखि चर्चा चलिरहेको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको विषय भट्टराईअघि पर्यटनमन्त्री बनेका रवीन्द्र अधिकारीका पालामा धेरै चर्चामा आएको थियो । त्यसबेला सरकारले विमानस्थल निर्माणको काम अघि बढाउने घोषणा गरेको थियो । काठमाडौँको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलभन्दा निकै ठूलो विमानस्थल बनाउन लागिएको चर्चापछि त्यो क्षेत्रमा अरू धेरै आर्थिक गतिविधि पनि शुरू भएका थिए ।

त्यहीबीच अधिकारीले हवाई दुर्घटनामा ज्यान गुमाएपछि मन्त्री बनेका भट्टराईले समयसीमा नै तोकेर विमानस्थल तयार हुने अवधि घोषणा गरे । तर आर्थिक सम्भाव्यतालाई लिएर प्रश्न उठिरहेको यो विमानस्थलसँग जोडिएको पर्यावरणको विषय यति गम्भीर बन्यो कि प्रक्रिया शुरु नहुँदै निजगढ विमानस्थलको विषय सामसुम हुनपुग्यो । २०८३ सालमा आइपुग्दा अब यो विमानस्थल परियोजना अगाडि बढ्छ कि बढ्दैन भन्ने नै टुंगो छैन । यही विमानस्थलसँग जोडेर चर्चा गरिएको काठमाडौँ–तराई द्रुतमार्ग निर्माणको काम यतिबेला धमाधम चलिरहेको छ, तर विमानस्थलको विषय भने गुमनाम बनेको छ ।

यद्यपि, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले शुक्रबार आर्थिक वर्ष २०८३–८४ को बजेट प्रस्तुत गर्ने क्रममा निजगढ विमानस्थलको निर्माण मोडालिटी ६ महिनाभित्र तय गरिने बताएका छन् ।

सरकारले यता मोडालिटी तय गर्ने घोषणा गरिरहँदा निजगढभन्दा करिब ५० किलोमिटर दूरीमा पर्सासँग जोडिएको सीमावर्ती भारतीय बजार रक्सौलमा सुविधासम्पन्न ठूलो विमानस्थल तयार भइरहेको छ । खासमा यो विमानस्थल भारतका विभिन्न शहरमा हवाई उडानका लागि तयार गरिँदै छ । तर अबको दुई वर्षमा तयार हुने यो विमानस्थलको मुख्य लाभ भने नेपालीलाई हुने चर्चा चलिरहेको छ ।

कारण व्यावसायिक–व्यापारिक प्रयोजन, स्वास्थ्य उपचार, अध्ययन, रोजगारी, पर्यटन, तीर्थाटन, आफन्त भेटघाट र तेस्रो मुलुक जाने ट्रान्जिटका रूपमा थुप्रै नेपाली भारतका विभिन्न शहर पुगिरहेका हुन्छन् । अब सीमानामै सुविधासम्पन्न विमानस्थल सञ्चालनमा आउने भएपछि त्यसका प्रमुख लाभग्राही पनि नेपाली नै हुने चर्चा हुन थालेको छ ।

### सिमानाबाट ५ किलोमिटर

भारतको बिहार राज्य (प्रान्त) अन्तर्गत रक्सौलमा तयार हुने यो विमानस्थल केन्द्र सरकारले बनाइरहेको छ । भारतीय सञ्चारमाध्यमहरूले उल्लेख गरेअनुसार यो विमानस्थल परियोजनाका लागि सन् २०१६ मा प्रधानमन्त्री नरेन्द्र मोदीले 'पीएम प्याकेज' अन्तर्गत २५० करोड भारतीय रुपैयाँको बजेट विनियोजन गरेका थिए ।

खासमा यो ठाउँमा पहिल्यै हवाईअड्डा थियो । यो ठाउँमा सन् १९६२ मै भारतले सामरिक उद्देश्यले सानो आकारको सैन्य हवाईअड्डा निर्माण गरेको थियो । अहिले हवाई यातायातको बिस्तारका लागि त्यही ठाउँमा नयाँ सुविधासम्पन्न विमानस्थल निर्माण गर्न लागिएको हो । र नयाँ विमानस्थलका लागि पछिल्लो दुई दशकयता निरन्तर कुरा उठिरहेको थियो ।

नयाँ विमानस्थल निर्माण–बिस्तार गर्ने भनिएको क्षेत्र शुरूमा साबिकको सैन्य हवाईअड्डा र त्यहाँ भन्दा पूर्वमा रहेको रक्सौल बजारको बीचको भूभागमा प्रस्ताव गरिएको थियो । तर पछि त्यो ठाउँमा एकीकृत जाँच चौकी (आइसीपी) र सुक्खा बन्दरगाह निर्माण भएर रेल्वे लाइन र सडक बनेको थियो । यी संरचना निर्माणपछि एक हिसाबले नयाँ विमानस्थल निर्माण–बिस्तारको सम्भावना नै सकिएको चर्चा चलेको थियो । त्यसमाथि प्रस्तावित विमानस्थलको क्षेत्र भन्दा पश्चिमतर्फ तिलावे नदीले गरिरहेको कटान विमानस्थल बिस्तारका लागि चुनौती बनेको थियो ।




तिलावे नदी नेपालको चारकोशे झाडी (जंगल) भएर बग्ने नदी हो । यो पर्सा जिल्ला हुँदै भारतमा पस्छ । अहिले विमानस्थल निर्माण–बिस्तार योजना अघि बढेपछि तिलावे नदीमाथि पुल जस्तै संरचना बनाएर पश्चिमतिर धावनमार्ग बढाउने योजना बनाइएको बिहारको पश्चिम चम्पारण क्षेत्रका सांसद डा. सञ्जय जयसवाल बताउँछन् ।

खासगरी भूमि अधिग्रहणको काम पूरा हुन नसक्दा यो विमानस्थल परियोजनाको निर्माणकार्य पछाडि धकेलिँदै गएको थियो । तीन वर्षअघि, सन् २०२३ मा राज्य (प्रान्तीय) सरकारबाट भूमि अधिग्रहणको अनुमति प्राप्त भएपछि परियोजना कार्यान्वयन हुने आशा पलाएको थियो । अब दुई वर्षभित्र निर्माण पूरा गर्ने लक्ष्यसहित टेन्डर आह्वान भइसकेको जायसवालले जनाएका छन् ।

दुई वर्षको अवधिमध्ये विस्तृत डिजाइनका लागि चार महिना, निर्माणकार्यका लागि १८ महिना र अतिरिक्त परीक्षण समयका लागि दुई महिना लाग्ने उनले उल्लेख गरे । नेपाल–भारतको सीमाक्षेत्र नजिकै पर्ने रक्सौलको यो विमानस्थल बहुप्रतीक्षित रहेको, भर्खरै मात्र आफूले स्थानीय अधिकारीहरूसँगै प्रस्तावित निर्माणस्थलको अवलोकन गरेको उनले बताए ।

यो विमानस्थल निर्माण भएपछि यहाँ एयरबस ए–३२० र बोइङ ७३७ लगायतका ठूला विमान सजिलै उडान र अवतरण गर्न सक्ने छन् । यो विमानस्थल २ हजार ७२ मिटर लामो धावनमार्ग रहेको पटनाको जयप्रकाश नारायण एयरपोर्ट भन्दा रक्सौल भन्दा धावनमार्गको हिसाबले ठूलो हुने छ । अर्थात् यसको धावनमार्ग पटनाको एयरपोर्ट भन्दा ३६० मिटर लामो अर्थात् २ हजार ४३२ मिटर लामो हुनेछ । त्यसमाथि यो विमानस्थल पटना भन्दा आधुनिक र सुविधासम्पन्न पनि भएकाले सुरक्षित अवतरणको लागि थप प्राविधिक सुविधायुक्त हुनेछ । प्राविधिकहरूका अनुसार आकस्मिक ब्रेकिङको आवश्यकता कमै पर्ने भएकोले यो विमानस्थल प्राविधिक रूपमा अझ बढी सुरक्षित र आधुनिक हुनेछ ।

यो विमानस्थल निर्माण भएसँगै नेपाल र भारत दुवैका सीमावर्ती क्षेत्रमा व्यवसाय, रोजगारी र अरू धेरै आर्थिक अवसरहरू सिर्जना हुने जयसवालको दाबी छ । भारतीय अधिकारीहरूका अनुसार नयाँ विमानस्थल निर्माण–बिस्तारका लागि अहिले प्रस्तावित भन्दा थप १३९ एकड जमिन आवश्यक पर्नेछ । त्यसमध्ये ७० प्रतिशत जमिन अधिग्रहणको कार्य भइसकेको र बाँकी जमिनका लागि प्रक्रिया बढिरहेको उनीहरूले जानकारी दिए । विस्तृत डिजाइन र नक्सा तयार हुँदैगर्दा यता अधिग्रहण कार्य पनि पूरा हुने उनीहरूको दाबी छ ।

### केन्द्रमा नेपाली यात्रु

यो विमानस्थल बिहारको चम्पारण (पूर्वी र पश्चिमी) क्षेत्रका लागि जति महत्त्वपूर्ण छ, त्यो भन्दा धेरै महत्त्व नेपालीका लागि रहेको मुजफ्फरपुरस्थित संस्था 'मिडिया फर बोर्डर हार्मोनी'का अध्यक्ष अमरेन्द्र तिवारी बताउँछन् । "नेपाल र भारतको सिमानाले अरू देशका सिमाना जस्तो दुई देशको भूभाग मात्र विभाजित गर्दैन, बरु यसले सिमाना वारपारका जनतालाई जोड्ने काम पनि गर्छ," उनले भने, 'त्यसैले त यो सम्बन्ध विशिष्ट छ । रक्सौल एयरपोर्टबाट नेपालका जनता लाभान्वित हुनु यसैको एउटा कडी हुनेछ ।'

खासमा यो विमानस्थलको आर्थिक सम्भाव्यता नेपाली यात्रुलाई नै हेरेर तय गरिएको धेरैको आकलन छ । हुन पनि भारतका विभिन्न शहरमा पुग्न वा भारत हुँदै तेस्रो मुलुकको यात्रा गर्ने नेपालीहरू सीमाक्षेत्रबाट करिब २१० किलोमिटर रहेको पटना र करिब १९३ किलोमिटर टाढा पर्ने दरभंगाको विमानस्थलमा निर्भर रहँदै आएका छन् । अब सिमानाबाट ५ किलोमिटरभित्र पर्ने रक्सौलमै त्यही सुविधायुक्त विमानस्थल तयार हुनेछ ।

नेपालको सिमानाबाट यति नजिकै सुविधासम्पन्न विमानस्थल निर्माण हुनु नेपालको पर्यटकीय विकासका लागिसमेत धेरै उपयोगी हुने वीरगंजका पर्यटन व्यवसायी रचेन्द्र थापा बताउँछन् । 'यो (वीरगंज–रक्सौल) नाका भारतीय पर्यटकका लागि ठूलो ट्रान्जिट बन्छ । यसले वीरगंज र मधेश प्रदेशको पर्यटनलाई प्रत्यक्ष लाभ दिन्छ नै, नेपाल घुम्न आउने पर्यटकको संख्या पनि बढ्छ,' होटल तथा पर्यटन व्यवसायी संघ पर्साका कार्यवाहक अध्यक्षसमेत रहेका थापाले भने, 'ठाउँको विकासका लागि कनेक्टिभिटीले उसै पनि ठूलो अर्थ राख्छ ।'

अहिले बनिरहेको काठमाडौँ–तराई द्रुतमार्ग सम्पन्न भएपछि काठमाडौँबाट जम्माजम्मी डेढ घण्टाको सडक यात्राबाट रक्सौल विमानस्थल पुग्न सकिनेछ । खासमा यो द्रुतमार्ग निर्माण शुरू हुँदा एक–डेढ घण्टामा निजगढ अन्तर्राष्ट्रिय विमानस्थल पुग्न सकिने आकलन गरिएको थियो । यसपालिको बजेटमा समेटिए पनि तत्कालै निजगढ विमानस्थलको सम्भावना त देखिँदैन, यही द्रुतमार्गबाट रक्सौल पुग्नेहरूले भने भारत वा तेस्रो मुलुक यात्रा गर्न पहिलेभन्दा सुविधा पाउने छन् । (उकालो)

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# सुर्तीजन्य पदार्थको सेवन त्याग्न मन्त्री मेहताको आग्रह




**काठमाडौँ ।**
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले सुर्तीजन्य पदार्थको सेवन त्याग्न आग्रह गरेकी छन् । 'विश्व सुर्तीजन्य पदार्थरहित दिवस' का सन्दर्भमा आइतबार सन्देश जारी गर्दै उनले सुर्तीजन्य पदार्थको प्रयोगकर्ताहरूलाई आजैबाट यसलाई त्याग्न सङ्कल्पका लागि आग्रहसमेत गरिन् । सन्देशमा मन्त्री मेहताले भनेकी छन्, 'सुर्तीजन्य पदार्थको लत त्याग्ने प्रयास सुरुमा कठिन हुन सक्छ, तर दृढ इच्छाशक्ति परिवारको साथ र स्वास्थ्यकर्मीको सही परामर्शले यो पूर्णरूपमा सम्भव छ ।'

मन्त्री मेहताले आधुनिक र फरक देखिने नाममा भेप र हुक्काजस्ता कुनै पनि हानिकारक पदार्थको प्रयोग र प्रलोभनमा नपर्न पनि आग्रह गरेकी छन् । सुर्तीजन्य पदार्थ वा भेपको लतबाट मुक्त हुन चाहनेका लागि मन्त्रालयले सहयोग र परामर्श उपलब्ध गराउनेसमेत उनले उल्लेख गरिन् । मन्त्री मेहताले इ—सिगरेट, भेप हुक्कामा परम्परागत सुर्तीजन्य पदार्थमा जस्तै हानिकारक निकोटिन र विशाक्त तत्व हुने भएकाले कुनै भ्रममा नपर्न पनि अनुरोध गरिन् । सुर्तीजन्य पदार्थको प्रयोग एक गम्भीर जनस्वास्थ्य चुनौती बनिरहेको छ । पछिल्लो तथ्याङ्कअनुसार नेपालमा करिव २९ प्रतिशत मानिस सुर्तीजन्य पदार्थको सेवन गरिरहेका छन्", सन्देशमा भनिएको छ, 'देशमा हरेक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने तथ्याङ्क अत्यन्त दुःख र सबैका लागि चिन्ताको विषय हो । त्यसैले यसको लत छोड्न आग्रह छ ।'

मन्त्री मेहताले किशोर किशोरीलाई लक्षित गरी सुर्ती उद्योगले अपनाएका नयाँ रणनीतिहरू चुनौतीका रूपमा रहेका भन्दै उद्योगलाई मानव स्वास्थ्यमा गम्भीर बन्न आग्रह गरिन् । उनले सन्देशमा भनेकी छन्, विभिन्न स्वादमा पाइने, हेर्दा आकर्षण र आधुनिक देखिने सुर्तीजन्य तथा निकोटिनयुक्त उत्पादनलाई सामाजिक सञ्जालमार्फत भ्रमपूर्ण बजारीकरण गर्ने काम भइरहेको छ, जसले समस्यालाई झनै गम्भीर बनाएको छ । अब यस्तो नगरौँ । सुर्तिजन्य पदार्थको उपभोगलाई निरुत्साहित गर्न लागौँ ।

मन्त्री मेहताले सुर्तीजन्य पदार्थका विद्यमान चुनौतीको समाना गर्न सरकारले नियन्त्रण र नियमनसम्बन्धी कानुन व्यवस्थापनको प्रभावकारी कार्यान्वयन विशेष जोड दिएको बताएकी छन् । नेपालमा आइतबार 'सुर्तीजन्य पदार्थ र निकोटिनका नयाँ रूपको भ्रम चिरौँ; कुलतबाट टाढा बसौँ, स्वस्थ जीवन रोजौँ' भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरी दिवस मनाइँदैछ । रासस

# समसामयिक विषयमा सरकारको ध्यानाकर्षण

**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले अविरल वर्षाका कारण जनतामा परेको समस्या, महँगी र बेरोजगारीलगायत समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराएका छन् । प्रतिनिधिसभाको आइताबारको बैठकको शून्य समय सांसद वासना थापाले बजेटले कर्णालीवासीको शिक्षा, स्वास्थ्य, बेरोजगारीको समस्यालाई प्राथमिकता दिन नसकेको भन्दै गुनासो गरे ।



सांसद विश्वराज पोखरेलले बजेटमा रु दुई करोड लगानी गरी कृषि व्यवसाय सुरु गर्ने किसानलाई ४० प्रतिशतसम्म अनुदान दिने व्यवस्था स्वागतयोग्य भएको बताए । उनले ग्रामीण क्षेत्रका किसानका लागि रु दुई करोड अत्यन्त ठूलो लगानी हुन सक्ने बताए । सांसद बुद्धरत्न महर्जनले ललितपुरको गोदावरी नगरपालिका वडा नं ८ डुकुछाप (रिङरोडबाट करिब ११ किलोमिटर) दूरीमा रहेको सडकमा आज पनि जीर्ण सडक र पुल निर्माण हुन नसक्दा जनताले सास्ती भोग्नुपरेको बताए ।

सांसद भारतकुमार स्वाँरले आगामी आवको बजेटले सेती लोकमार्गको २५९ किलोमिटर, टीकापुरदेखि ताक्लाकोट मानसरोवरलाई राष्ट्रिय गौरवको योजनामा समावेश गर्न माग गरे । सांसद भरतबदादुर खड्काले २०७९ सालमा गएको भूकम्पका कारण डोटी जिल्लाका पूर्वीचौकी गाउँपालिकालगायत केही ठाउँमा धनजनको क्षति भएको उल्लेख गर्दै अहिले पनि त्यस गाउँपालिकाका जनताको घरवारविहीन रहेको भन्दै सरकारको ध्यानाकर्षण गराए ।

सांसद भूमिका श्रेष्ठले धनकुटाको सहिदभूमि गाउँपालिकामा हुरीका कारण पुल भाँचिदा विद्युत् सेवा पटकपटक अवरुद्ध भएको भन्दै समस्या समाधान गर्नुपर्ने धारणा राखिन् । सांसद मनमाया विकले गरिबीका कारण दलित समुदाय शिक्षाबाट बञ्चित हुनुपरेको बताइन् । उनले भनिन्, सिङ्गो दलित समुदायभित्र पनि मधेसी दलित समुदायका बालबालिका अप्ठ्यारो र विकराल अवस्थामा छन्, उनीहरुलाई पनि आवासिय विद्यालयको व्यवस्था गर्नुपर्छ ।

सांसद भरत गिरी, भूमिका लिम्बू सुब्बा, भीमकुमार बुढामगर, विदुसी राणा, बलावती शर्मा, मनिष खनाल, महेन्द्रबहादुर शाही, मातृकाप्रसाद यादव, माधवबहादुर थापा, मोहन आचार्य, मोहन लाल आचार्य, यशोधा कुमारी, यज्ञबहादुर बोगटी, यज्ञमणि न्यौपाने, युवराज दुलाल, रचना खतिवडा खत्री, रजनी श्रेष्ठ, रञ्जु न्यौपाने, रमेशकुमार मल्ल, रमेश प्रसाईं, रहबर अन्सारी, राजकिशोर महतो, राजीव खत्री, राधिका रम्तेल, रिना उप्रेती, रुकेश रञ्जीत, रिमा विश्वकर्मा, राम लामा, रुक्मिणी देवी कोइराला, रेखाकुमार यादव, रेणुका काउचा र मदनकृष्ण श्रेष्ठले मुलुकको समसामयिक विषयमा सरकारको ध्यानाकर्षण गराए । रासस

# लिपुलेक समस्या समाधानका लागि संवाद भइरहेको छः प्रम



**काठमाडौँ ।**
प्रधानमन्त्री बालेन्द्र शाहले कालापानी–लिपुलेक सीमा समस्या समाधानका लागि भारत र चीनका अतिरिक्त बेलायतसँग पनि छलफल भइरहेको जानकारी दिएका छन् ।

संघीय संसद्मा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री शाहले यस्तो बताएका हुन् ।

प्रधानमन्त्री शाहले सुगौली सन्धिको समय र ब्रिटिसकालीन शासनका बेला नेपाल–भारत सीमाको अवस्था के कस्तो थियो भन्ने ऐतिहासिक तथ्य र प्रमाण जुटाउन बेलायतसँग संवाद अगाडि बढाइएको स्पष्ट पारे ।

'लिपुलेकका विषयमा भारतसँग सरकारले स्पष्ट अडान राखिसकेको छ र उताबाट जवाफ पनि आएको छ,' संसद्मा जवाफ दिँदै प्रधानमन्त्री शाहले भने, 'अब इतिहासविद्हरूसमेतलाई राखेर द्विपक्षीय वार्ता गर्ने तयारी छ । यसका लागि हामीले इङ्ल्यान्डसँग पनि कुरा गरेका छौँ ।'

नेपालको भूमि फिर्ता ल्याउने र सीमा विवादलाई कूटनीतिक माध्यमबाट सधैँका लागि टुङ्ग्याउने सन्दर्भमा सरकारले ऐतिहासिक दस्तावेजहरूको खोजी गरिरहेको र यसमा बेलायत सरकारको सहयोग महत्त्वपूर्ण हुने प्रधानमन्त्रीको भनाइ छ । रासस

# प्राविधिक शिक्षा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिने मुख्यमन्त्री बानियाँको भनाइ



**चितवन ।**
बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सिमान्तकृत समुदायका जेहनदार विद्यार्थीलाई प्रदेश सरकारले छात्रवृत्ति दिएर चिकित्सा तथा इञ्जिनियरिङ शिक्षा पढाउने बताएका छन् ।

नेपाल चिकित्सक सङ्घ केन्द्रीय समितिले आइतबार आयोजना गरेको अल नेपाल मेडिकल कन्फ्रेन्स 'एनएमए कन २०२६' को उद्घाटन कार्यक्रममा उनले बागमती प्रदेश सरकारले सिमान्तकृत समुदायका विपन्न विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्ने वातावरण बनाउन लागेको जानकारी दिए । उनले भने, यस समुदायका विद्यार्थीले प्रवेश परीक्षामा नाम निकालेर आर्थिक अभावका कारण पढाइ रोकिँदैन ।

चिकित्सकीय सेवा महत्वपूर्ण भएको भन्दै मुख्यमन्त्री बानियाँले चिकित्सक मानव रुपी भगवान् हुने भएकाले यस क्षेत्रमा सक्षम र दक्ष जनशक्ति उत्पादन हुनुपर्नेमा जोड दिए । उनले इमानदार भई निरन्तर काममा खटिन चिकित्सकलाई आग्रह गरे । सङ्घले पेसागत हकहितका लागि काम गरिरहेको भन्दै मुख्यमन्त्री बानियाँले प्रशंसा गरे । बागमती प्रदेश सरकारले १३ जिल्लाका प्रदेशस्तरका अस्पतालमा आधुनिक उपकरण जडान गरी उच्चतम सेवा प्रवाह गर्ने योजना बनाइरहेको बताउँदै उनले यसमा सरोकार भएका निकायको साथ र समन्वयको आवश्यकता औँल्याए । भक्तपुर अस्पतालमा 'रोवटिक सर्जरी' र हेटौँडामा 'क्याथल्याब'समेत जडान गरी थप विशेषज्ञ सेवा दिन लागिएको मुख्यमन्त्री बानियाँले जानकारी दिए ।

बागमती प्रदेशका गरिबी सहरी विकासमन्त्री विनु रायमाझी र भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले स्वास्थ्य क्षेत्रको उन्नयका लागि चिकित्सकले महत्वपूर्ण काम गरिरहेकाले उच्च प्रशंसा गरे । डा अनिलविक्रम कार्की अध्यक्ष रहेको यसअघिको कार्यसमितिले डा. बद्री रिजालको नवनिर्वाचित कार्यसमितिलाई पद हन्तान्तरणसमेत गरेको थियो । पद हस्तान्तरणसँगै निर्वतमान अध्यक्ष कार्की, नवनिर्वाचित अध्यक्ष रिजाल, चिकित्सक सङ्घ चितवनका अध्यक्ष डा उमेश नेपाललगायतले चिकित्सकका समस्याका र समाधानका विषयमा आ(आफ्ना धारणा राखे । सो अवसरमा सङ्घमा रहेर विभिन्न क्षेत्रबाट सहयोग पु¥याउनेलाई सम्मान एवं पुरस्कृत गरिएको थियो ।

शनिबारदेखि सुरु भएको सङ्घको आफ्नो ३०औँ सम्मेलन (कन्फ्रेन्स) बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा आज सकिँदै छ । कार्यक्रममा भारत र चीनसहित नेपालभरबाट ३५० जना सहभागी छन् । सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बिमा र मानव संशाधन व्यवस्थापन जस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको थियो ।

हरेक दुईरदुई वर्षमा हुँदै आएको यो कार्यक्रम १२ वर्षयता तीनरतीन वर्षमा गर्न थालिएको हो । नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिएको छ । सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक प्रस्तुतीकरण गरिएको थियो । रासस

# बजेट ठूलो होइन, जिडिपीको तुलनामा सानो होः अर्थमन्त्री



**काठमाडौँ ।**
अर्थमन्त्री डा स्वर्णिम वाग्ले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट महत्वाकांक्षी नभएको बताएका छन् । आइतबार अर्थमन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा उनले बजेटको आकार सानो नभएको बताए ।

विगतका वर्षमा बजेट आएपछि बजेट राम्रो भए पनि कार्यान्वयन हुन्छ कि हुँदैन भन्ने बहस हुन्थ्यो, तर यसपटक त्यस्तो अवस्था छैन, बजेट महत्वकांक्षी छैन, बान्छित सीमाभित्रै बजेट आएको छ, उनले भने । उनका अनुसार आगामी आवको बजेट प्रक्षेपित जिडिपीको सापेक्षतामा २८ दशमलव पाँच प्रतिशत मात्रै हो । अर्थमन्त्री डा वाग्लेले आफू सन् २०१४ देखि नेपालको बजेट निर्माणमा संलग्न भएको उल्लेख गर्दै सन् २०१५ को भूकम्पपछि बजेटको आकार बढ्न थालेको बताए ।

भूकम्प अगाडि हाम्रो बजेटको आकार जिडिपीको तुलनामा औसतमा २५ देखि २९ प्रतिशत र वास्तविक खर्च २२ देखि २५ प्रतिशत हुन्थ्यो, उनले भने, भूकम्पपछि भने बजेटको आकार बढ्यो, कुनै वर्ष जिडिपीको तुलनामा बजेटको आकार ३७ प्रतिशतसम्म पुगेको थियो ।

सरकारले आगामी आवका लागि २१ खर्ब २४ अर्ब ३४ करोड बराबरको बजेट सार्वजनिक गरेको छ । रासस

# विपद् र जङ्गली जनावरबाट प्रभावित नागरिकलाई राहत दिन माग



काठमाडौँ ।
प्रतिनिधिसभाका सांसदहरुले प्राकृतिक विपद्वाट प्रभावित र जङ्गली जनावरको आतङ्कबाट त्रसित नागरिकलाई राहत दिन सरकारको ध्यानाकर्षण गराएका छन् । सभाको आइतबारको बैठकको आकस्मिक समयमा उनीहरुले विपद् जोखिम न्यूनीकरणमा ध्यान दिन, मानव–जङ्गली जनावर द्वन्द्व न्यूनीकरणमा विशेष योजना ल्याउन सरकारसँग माग गरे ।

नेपाली कांग्रेसका सांसद जनकराज गिरीले यही जेठ १४ गते बाजुराको बूढीनन्दा नगरपालिकाका वडा नं १ का पार्तोला, मटेलालगायत वस्तीमा झण्डै ३०० रोपनी बगरमा परिणात भएको र ५० जनाको घरभित्र बाढी पस्दा सयौँ नागरिक खुला आकाशमुनि बस्न बाध्य जानकारी दिँदै तत्काल प्रभावित नागरिकलाई राहत दिन सरकारको ध्यानाकर्षण गराए ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद प्रेमबहादुर बयकले कैलालीमा यही जेठ १४ गते आएको तीव्र हुरीले लम्कीचुहा नगरपालिकामा २५, जानकी गाउँपालिकामा ६ र बर्दगोरिया गाउँपालिका ५३ गरी ८४ घर तथा टिकापुरमा एक विद्यालयको छाना उठाएको जानकारी दिँदै विपद्पीडित नागरिकलाई तत्काल राहत दिन आग्रह गरे ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद लक्ष्मीप्रसाद पोखरेलले जङ्गली बँदेलका आतङ्कका कारण दैलेखको भैरवी गाउँपालिकाका स्थानीय हैरान भएको जनाउँदै जङ्गली जनावर नियन्त्रण गरी किसानलाई राहत दिन माग गरे ।

कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले मेची राजमार्गको दायाँबायाँ १५÷१५ मिटर क्षेत्रभित्रको संरचना खाली गराउनेसम्बन्धी सङ्घीय सडक सुपरिवेक्षण इलाम डिभिजन कार्यालयको सूचनाले सो क्षेत्रमा बसोबास गरिरहेका १५ लाखभन्दा बढी नागरिकलाई त्रसित बनाएको भन्दै सो नीति परिवर्तन गर्न सरकारको ध्यानकर्षण गराए ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद अफ्साना बानुले गत भदौ २४ गतेको घटनामा झुटा मुद्दा लगाएर कतिपय युवालाई फसाइएको र उनीहरुका परिवारजन माइतीघर मण्डलामा १८ दिनदेखि धर्नामा बसिरहेको सुनाउँदै उहाँहरुका माग सम्बोधन गर्न माग गरिन् । रासस

# 'नेपालले भारतीय भूमि मिचेको' प्रमको अभिव्यक्तिप्रति विपक्षी दलको आपत्ति

**काठमाडौँ ।**
प्रधानमन्त्री बालेन्द्र शाहले संसद्को रोष्टमबाटै 'नेपालले पनि भारतको धेरै ठाउँमा जग्गा मिचेको छ' भनी दिएको अभिव्यक्तिप्रति प्रमुख राजनीतिक दलहरूले तीव्र आपत्ति जनाएका छन् ।

नेपाली कांग्रेस र नेपाली कम्युनिस्ट पार्टीले प्रधानमन्त्रीको यो गैरजिम्मेवारपूर्ण भनाइलाई तत्काल प्रमाणित गर्न चुनौती दिँदै अन्यथा संसद्को रेकर्डबाटै हटाउन माग गरेका छन् ।

प्रतिनिधि सभाको बैठकमा बोल्दै नेपाली कांग्रेसकी प्रमुख सचेतक वासना थापाले नेपाल–भारत सीमा विवाद जस्तो संवेदनशील राष्ट्रिय मुद्दामा देशको प्रधानमन्त्रीले हलुका र आधारहीन टिप्पणी गरेको आरोप लगाइन् । यस्तै, नेपाली कम्युनिस्ट पार्टीका सांसद रमेश मल्लले पनि प्रधानमन्त्री शाहको उक्त भनाइप्रति कडा आपत्ति जनाएका छन् ।

# घर खर्च चलाउन गलैँचा बुन्न व्यस्त महिला



**दाङ ।**
तुलसीपुर उपमहानगरपालिका–१२ कचेलीकी पुतली चौधरीको कुनै बेला घरायसी काममै दिन बित्थ्यो । तर, हिजोआज गलैँचा बुन्न व्यस्त छिन् । उनी गलैँचा बुनेर घर खर्च चलाउने योजनामा छिन् ।
पहिले भाँडा माझ्ने, वस्तुभाउलाई घाँस दिने मात्रै काम हुन्थ्यो, तर अहिले गलैँचा बुन्न थालेकी छु, अब घर खर्च चलाउन सजिलो हुनेछ, चौधरीले भनिन् । त्यसैगरी, सोही ठाउँकी मनकला बुढामगर पनि गलैँचा बुन्नका लागि तान मिलाउँदै थिइन् । विगतमा गलैँचा हातले बुन्छन् भन्नेसमेत थाहा थिएन । तर, अहिले आफैँले हातले गलैँचा बुन्न थालेकी छन् ।
पहिला हातले गलैँचा बुन्छन् भन्ने पनि थाहा थिएन, बुढामगरले भनिन्, तर अहिले आफैँले बुन्न थालेका छौँ । उनको पनि छोराछोरीलाई विद्यालय पठाउने र त्यसपछि त्यत्तिकै घरमै टिकटक चलाएर बस्नुपर्ने अवस्था थियो । अहिले गलैँचा बुन्न व्यस्त हुन थालेकी छन् ।
घरेलु तथा साना उद्योग कार्यालय दाङले ६५ दिने तालिम प्रदान गरेपछि उनीहरू अहिले यसरी गलैँचा बुन्न व्यस्त भएका हुन् ।
महिलाहरूलाई आम्दानीमा जोड्नका लागि यसरी तालिम प्रदान गरेपछि उनीहरू यसरी आफैँ गलैँचा बुन्न थालेका हुन् । आफूहरूले बुनेका गलैँचाको बजारीकरण कसरी गर्ने भन्ने चिन्ता पनि छैन ।
गलैँचा बुनेपछि सबै काठमाडौँका उद्योगमा लगेर बिक्री गरिदिनुहुन्छ रे, सोही ठाउँकी दीपा बाँठामगरले भनिन्, त्यसैले पनि हामीलाई गलैँचा बुन्न हौसला मिलेको छ । सोही ठाउँका २० जनालाई गलैँचा बुन्ने तालिम प्रदान गरिएको थियो । उनीहरू सबैलाई गलैँचा बुन्नका लागि मेसिन प्रदान गरेपछि अहिले आफैँले यसरी गलैँचा बुन्न थालेका घरेलु तथा साना उद्योग कार्यालय दाङका प्रमुख सुदर्शन शर्माले बताए ।
हामीले तालिम प्रदान गरेर मेसिन पनि उपलब्ध गराएका छौँ, उहाँहरूले उत्पादन गरेका गलैँचा बेच्न व्यवस्था मिलाएका छौँ, उनले भने, यसले उहाँहरूको आम्दानीको स्रोत बढ्ने अपेक्षा गरेका छौँ । काठमाडौँबाट मनोजकुमार श्रेष्ठ र सरस्वती तामाङले तालिम प्रदान गरेका हुन् । रासस

# क्यान्सरपीडित बालबालिकालाई खेलकुद र मनोरञ्जनमार्फत राहत

**गाजा ।**
युद्ध र रोगको दोहोरो पीडाबाट गुज्रिरहेका गाजाका क्यान्सरपीडित बालबालिकाका लागि शनिबार केही समय खुसी र मनोरञ्जनको वातावरण सिर्जना गरिएको छ । गाजा सहरस्थित अल–रन्तिसी बाल अस्पतालमा स्वयंसेवकहरूले खेलकुद, चित्रकला, अनुहार रङ्ग्याउने तथा विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्दै बालबालिकालाई मानसिक राहत प्रदान गर्ने प्रयास गरेका हुन् ।
यो कार्यक्रम गाजावासीका लागि राहत कार्यमा संलग्न इजिप्टेली सहयोग समितिका मनोसामाजिक सहयोग तथा मनोरञ्जन टोलीद्वारा आयोजना गरिएको थियो । कार्यक्रममा सहभागी बालबालिकाले खेल खेल्नुका साथै गीत, नृत्य र सिर्जनात्मक गतिविधिमार्फत केही समयका लागि रोग र युद्धको तनाव बिर्सने अवसर पाए ।
कार्यक्रममा जोकरको भूमिकामा रहेका स्वयंसेवक सुलेमान अबुदले युद्धका कारण गाजाका बालबालिकाले असाधारण कठिनाइ र त्रास भोग्नुपरेको बताए । उनका अनुसार यस्ता बालबालिकालाई उपचार मात्र नभई मानसिक र सामाजिक सहयोग पनि अत्यन्त आवश्यक छ । खेल्न, हाँस्न र आफ्ना भावना व्यक्त गर्न पाउनु उनीहरूको मानसिक स्वास्थ्यका लागि महत्वपूर्ण हुने उनले उल्लेख गरे ।
बालबालिकाका अभिभावकहरूले पनि यस पहलको प्रशंसा गरेका छन् । क्यान्सर उपचार गराइरहेका एक बालकका अभिभावक इहसान अब्दुल आलले यस्ता कार्यक्रमले बालबालिकालाई केही समयका लागि भए पनि अस्पताल, उपचार र रोगको वातावरणबाट टाढा लैजान मद्दत गर्ने बताए । युद्धका कारण



विस्थापित राफिफ अबु ओदाले आफ्नी १२ वर्षीया छोरी समाहलाई महिनौँपछि यति धेरै खुसी देखेको बताए । समाहले स्वयंसेवकहरूसँग गीत गाउन र नाच्न पाउँदा आफू बिरामी भए पनि निकै रमाएको प्रतिक्रिया दिएको छ ।
यो कार्यक्रम गाजामा बढ्दो मानसिक स्वास्थ्य संकटका बीच आयोजना गरिएको हो । दुई वर्षभन्दा लामो समयदेखि जारी द्वन्द्वका कारण त्यहाँका बालबालिका तथा सर्वसाधारण गम्भीर मानसिक तनावको सामना गरिरहेका छन् । गाजाको मानसिक स्वास्थ्य अस्पतालका निर्देशक अब्दुल्लाह अल–जमालले अवस्थालाई अत्यन्त गम्भीर र चिन्ताजनक बताएको छ ।
उनका अनुसार द्वन्द्वका क्रममा गाजाको एकमात्र मानसिक स्वास्थ्य अस्पताल ध्वस्त भएको छ भने औषधि र विशेषज्ञ चिकित्सकको अभावले उपचार सेवा झन् कठिन बनेको छ । क्यान्सरबाट पीडित धेरै बालबालिकाले समयमै रोग पहिचान र उपचारसमेत पाउन नसकेको उनले जानकारी दिए ।
अस्पतालहरूमा भएको क्षति र अत्यावश्यक औषधिको अभावका कारण धेरै बालरोगीहरू किमोथेरापी, स्वास्थ्य परीक्षण तथा आधारभूत उपचार सेवाबाट वञ्चित भएका छन् । यसले सामान्य उपचारबाट निको हुन सक्ने अवस्थासमेत दुःखद परिणामतर्फ धकेलिरहेको बताइएको छ । संयुक्त राष्ट्रसंघका अनुसार गाजामा ११ हजारभन्दा बढी क्यान्सरपीडित बिरामीलाई आवश्यक उपचार उपलब्ध गराउन अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था रहेको छ ।
विज्ञहरूका अनुसार यस्ता मनोरञ्जनात्मक गतिविधिले गाजाको समग्र मानवीय संकट समाधान गर्न नसके पनि बालबालिकामा देखिएको मानसिक तनाव कम गर्न र उनीहरूलाई केही समयका लागि राहत तथा आनन्दको अनुभूति गराउन महत्वपूर्ण भूमिका खेल्न सक्छन् । रासस

# ढाका उद्योगमार्फत आत्मनिर्भर बन्दै तमानखोलाका महिला

**बागलुङ ।**
जिल्लाको तमान गाउँका जमूना घर्तीलाई ढाकाका कपडा बुन्न भ्याइनभ्याइ छ । तमानखोला गाउँपालिका(३ मा रहेको महिला कल्याण आमा समूहको भवनमा बिहानैदेखि ढाकाको अस्कोट बुन्दै गरेकी घर्तीले आफू जस्तै १५ जना महिलाले हरेक दिन ढाकाका विभिन्न कपडा बुन्दै आएका बताइन् ।
ढाका उद्योगमार्फत महिलालाई आत्मनिर्भर बनाउने पहलअन्तर्गत तमानखोलाले महिलालाई ढाका उद्यमी बनाउनेदेखि उत्पादन खरिद गर्नेसम्मका काममा सघाउँदै आएको छ । ढाकाका सल, टोपी, गलबन्दी र अस्कोट बुन्ने र बिक्रीमार्फत यहाँका महिला आत्मनिर्भर बन्दै आएका छन् ।
महिलाले उत्पादन गरेका कपडा तमानखोला गाउँपालिकाको कार्यालयले खरिद गरी बिक्रीमा सहजीकरण गरिरहेको घर्तीले बताइन् । करिब सात वर्ष पहिले म्याग्दीबाट आएका प्रशिक्षकमार्फत गाउँमा ढाकाका कपडा उत्पादन गर्ने सीप सिकेका महिलालाई समूहमा आबद्ध गराएर थप व्यावसायिक बनाउन गाउँपालिकाले लगानी गरेको हो ।
महिलालाई व्यावसायिक, स्वरोजगार र उद्यमी बनाउन पालिकाले सात वर्ष पहिलेदेखि सीप सिकाउने, तान प्रदान गर्ने, समूहको भवन निर्माण गरिदिने, उत्पादित खरिद गरी बिक्रीमा सहजीकरण गर्नेलगायत काम गर्दै आएको छ । पालिकाले विभिन्न कार्यक्रम आयोजना गरिरहेको हुन्छ । ती कार्यक्रममा मायाको चिनो स्वरुप महिलाले उत्पादन गर्दै आएका सल, गलबन्दी प्रयोग गर्दै आएका छौँ ।
ज्येष्ठ नागरिक सम्मान जस्ता कार्यक्रममा टोपी, गलबन्दी र अस्कोट प्रयोग गर्दै महिलाका उत्पादनको बजारीकरण गरिरहेका छौँ, गाउँपालिकाका उपाध्यक्ष हिराकुमारी छन्त्यालले भनिन् ।
गाउँपालिकाले सात वर्ष पहिले महिलाका लागि सीपमूलक तालिम दिनुका साथै आवश्यक सामाग्री उपलब्धध गराउनुका साथै भवन बनाउन पनि सहयोग गरेको छन्त्यालले जानकारी दिइन् । उनका अनुसार अहिलेसम्म सामग्री, भवन, प्रशिक्षणलगायत गतिविधिका लागि पालिकाले २५ लाख लगानी गरिसकेको छ । यहाँका महिलाले ढाकाका कपडा बुनेर मासिक ५० हजारसम्म आम्दानी गर्दै आएका उपाध्यक्ष छन्त्यालले जानकारी दिइन् ।
सुरुवातका दिनमा आफूले उत्पादन गरेका सामग्री बिक्री नभएर सास्ती भएपनि पछिल्लो समय पालिकाले खरिद गरिदिन थालेपछि महिला उत्साहित भएका घर्तीले बताइन् । महिला कल्याण आमा समूहको कोषाध्यक्षसमेत रहेकी उनले पालिकाको साथ र सहयोगले तमानगाउँका महिलालाई उद्यमी बनाउनुका साथै आत्मनिर्भर बनाउँदै लगेको धारणा राखिन् । रासस

# अमेरिकासँग आफ्नो अधिकार सुरक्षित नभएसम्म कुनै सम्झौता नगर्ने इरानको अडान

**तेहरान ।**
अमेरिकाले इरानलाई कडा शान्ति प्रस्ताव फिर्ता पठाएको रिपोर्टहरू बाहिर आएपछि इरानी वार्ता टोलीका प्रमुख वार्ताकारले आइतबार तेहरान संयुक्त राज्य अमेरिकासँग जस्तोसुकै सम्झौतामा पनि सहमत हुन नसक्ने बताएका छन् । प्रस्तावमा कुनै पनि परिवर्तनले मध्यपूर्व युद्धलाई औपचारिक रूपमा अन्त्य गर्ने र स्ट्रेट अफ हर्मुजको जलमार्गलाई पुनः खोल्ने सम्झौतालाई थप ढिलाइ गर्न सक्छ ।
न्यूयोर्क टाइम्स र एक्सियोसले अमेरिकी स्रोतलाई उद्धृत गर्दै शनिबार लेखेका छन्, ट्रम्पले 'कडा' सर्तहरू साथ इरानलाई नयाँ ढाँचा फिर्ता पठाएको छ । यद्यपि विस्तृत विवरण खुलाइएको छैन । सरकारी टेलिभिजनमा प्रसारण गरिएको भिडियोमा मोहम्मद बाघर गालिबाफले भनेका छन्, इरानी जनताको अधिकार सुनिश्चित नभएसम्म हामी कुनै पनि सम्झौतालाई अनुमोदन गर्दैनौँ । ट्रम्पले आफ्ना प्राथमिकताहरूमा इरानलाई कुनै पनि आणविक हतियार विकासबाट रोक्ने र नाकाबन्दी गरिएको हर्मुजको जलमार्गलाई पुनः खोल्नुपर्ने रहेको बताएका छन् ।
उनले भने, मलाई इरानले एउटा सुनिश्चितता यो गरेको छ कि उनीहरूसँग यस्ता आणविक हतियार हुनेछैनन् । उनीहरू यसमा सहमत भएका छन्, र यो धेरै अनौठो कुरा भएको छ," उनले शनिबार राति फक्स न्यूजको कार्यक्रममा प्रसारित एक अन्तर्वार्तामा भने । तेहरानले यसअघि ट्रम्पको भनाइमा शङ्का व्यक्त गर्दै आएको छ र दुई पक्षहरू मुख्य विवादका मुद्दाहरूबाट टाढा छन् । इरानले आफ्नो आणविक कार्यक्रमका बारेमा ठोस वार्तामा संलग्न हुनुअघि रोक्का गरिएको १२ अर्ब डलर बराबरको सम्पत्ति जारी गर्नुपर्ने बताएको छ ।
तेहरानले पनि जारी लडाइँको बाबजुद लेबनानलाई कुनै पनि सम्झौतामा समावेश गर्ने कुरालाई जोड दिएको छ । इजरायलले इरान समर्थित हेजबुल्लाहबिरुद्ध अभियान विस्तार गरेपछि बेरुतले उसलाई 'विनासको नीति' अबलम्बन गरेको आरोप लगाएको छ । यसअघि सम्झौता नजिकिँदै आएको सङ्केत दिएपछि ट्रम्पले फक्ससँगको अन्तर्वार्तामा नयाँ सैन्य कारबाही हसनसक्ने तर



हतार नगरिने सङ्केत गरेका थिए ।
मलाई कुनै हतार छैन, ट्रम्पले भने, यदि हामीले चाहेको कुरा पाएनौँ भने, हामी फरक तरिकाले अन्त्य गर्नेछौँ । अमेरिकी रक्षा मन्त्रालय पेन्टागनका प्रमुख पिट हेगसेथले शनिबार एसियामा भएको रक्षा सम्मेलनमा वासिङ्टन आवश्यक परेको खण्डमा युद्ध पुनः सुरु गर्न 'आवश्यकताभन्दा बढी सक्षम' रहेको बताएका थिए । गत अप्रिलमा तेहरान र वासिङ्टनले अस्थायी युद्धविराम गरेपछि र पाकिस्तानको मध्यस्थतामा वार्ता भएपछि इरान र खाडीमा दैनिक आक्रमणहरू रोकिए पनि छिटपुट लडाइँ जारी छ ।
यसैबीच, इरानको रिभोलुसनरी गार्डले आइतबार इरानको जलक्षेत्रमा प्रवेश गर्न लागेको अमेरिकी ड्रोन खसालेको जनाएको छ । यसै हप्ताको सुरुवातमा इरानको बन्दर अब्बासस्थित बन्दरगाहमा अमेरिकी सेनाले आक्रमण गरेपछि युद्धविरामपछिको सबैभन्दा खराब द्वन्द्व सुरु भएको थियो । जे होस्, कूटनीतिक नीतिले ट्रम्पलाई एक सम्झौता सुरक्षित गर्न दबाबमा राखेको छ जसले स्ट्रेट अफ हर्मुज वरपरको प्रतिस्पर्धात्मक अमेरिका र इरानको नाकाबन्दी हटाउनेछ, जसले विश्वव्यापी तेल आपूर्तिको लागि महत्त्वपूर्ण मार्गको आवागमन रोकेको छ ।
ट्रम्पले कुनै पनि सम्झौता अन्तर्गत उक्त जलसन्धि भएर जान सक्ने पानीजहाजमा इरानले कुनै शुल्क नलिने बताएपछि इरानी समाचार एजेन्सी फार्सले स्रोतलाई उद्धृत गर्दै भनेको छ, त्यस्तो कुनै प्रावधान सम्भावना छैन । इरानको समाचार संस्था (आइएसएनए) ले सांसद अलिरेजा सलिमीलाई उद्धृत गर्दै नियन्त्रित जलक्षेत्रमा इरानको व्यवस्थापन र सार्वभौमिकता कार्यान्वयन गर्ने योजना छिट्टै संसदमा पेश गरिने बताएको छ । रासस

# बैङ्क तथा वित्तीय संस्था परिसङ्घद्वारा बजेटको स्वागत

**काठमाडौँ ।**
बैङ्क तथा वित्तीय संस्था परिसङ्घ नेपालले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गरेको बजेटको स्वागत गरेको छ । आईतबार एक विज्ञप्ति जारी गर्दै परिसङ्घले बजेटमार्फत आर्थिक पुनरुत्थान, निजी क्षेत्रको मनोबल अभिवृद्धि, लगानी प्रवद्र्धन तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणको दिशामा अघि सारिएका नीतिगत तथा संरचनागत सुधारका पहलको स्वागत गरेको हो ।
बैङ्किङ क्षेत्रबाट अपेक्षित कर्जा विस्तार हुन नसकेको अवस्था, बढ्दो खराब कर्जाको चुनौतीबाट प्रभावित हुँदै आएको अवस्थामा आगामी आर्थिक वर्षको बजेटले अर्थतन्त्र र आर्थिक गतिविधिलाई पुनः चलायमान बनाउने आशा र विश्वासको नयाँ आधार सृजना गरेको परिसङ्घको ठहर छ । विशेषगरी कर प्रणालीमा गरिएको सुधार, उद्योग–व्यवसायलाई प्रदान गरिएका सहुलियत, 'डिजिटल' अर्थतन्त्रको प्रवद्र्धन, प्रविधि एवं पूर्वाधार विकासमा प्राथमिकता, ऊर्जा क्षेत्रको विकासमा जोड दिएकाले बजेटले लगानीमैत्री वातावरण सृजना गरेको विज्ञप्तिमा उल्लेख छ ।
आगामी आवको बजेटले निजी क्षेत्रलाई आर्थिक वृद्धिको प्रमुख साझेदार र संवाहकका रूपमा आत्मसात् गर्दै लगानी, उद्यमशीलता, नवप्रवर्तन तथा वित्तीय पहुँच विस्तारलाई प्राथमिकतामा राखेको स्पष्ट देखिन्छ, परिसङ्घले भनेको छ । व्यक्तिगत आयकरमा छुटको सीमामा वृद्धि, करको दरमा पुनरावलोकन, औद्योगिक कच्चापदार्थमा भन्सार सहजीकरण तथा वैकल्पिक वित्तीय उपकरणमार्फत पुँजी परिचालनका व्यवस्थाहरूले समग्र आर्थिक गतिविधिहरूमा सकारात्मक ऊर्जा सञ्चार गर्ने परिसङ्घले विश्वास गरेको छ । रासस

# चीनविरुद्ध नेपालको २२१ रनको फराकिलो जित

**काठमाडौं ।**
नेपालले एसियन गेम्स पुरुष क्रिकेट छनोटको आफ्नो पहिलो खेलमा चीनविरुद्ध २२१ रनको सानदार जित दर्ता गरेको छ । आइतलबार सिंगापुर नेस्नल क्रिकेट ग्राउन्डमा नेपालले प्रस्तुत गरेको ३१४ रनको लक्ष्य पछ्याएको चीन १९.२ ओभरमा ९२ रनमै समेटियो । चीनका शेनजियान झेङले ३१, डु जियानहाओले १७ र कप्तान तियान सेनकुनले १३ रन जोडे । नेपालका कुशल मल्लले सर्वाधिक तीन विकेट लिए । सोमपलाल कामी र सन्दीप लामिछानेले समान दुई विकेट हात पार्दा नन्दन यादवको नाममा एक विकेट लिए ।
टस हारेर ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा दुई विकेट गुमाएर ३१३ रन बनाएको हो । यो टी–२० अन्तर्राष्ट्रियमा नेपालले खडा गरेको दोस्रो ठूलो योगफल हो । यसअघि नेपालले सन् २०२३ मा मंगोलियाविरुद्ध ३१४ रन बनाएको थियो । टी–२० अन्तर्राष्ट्रियमा सर्वाधिक योगफलको कीर्गिमान भने जिम्बाबेको नाममा छ । टोलीले सन् २०२४ मा गाम्बियाविरुद्ध २४४ रनको योगफल खडा गरेको थियो ।
नेपालका कुशल भुर्तेलले १२९ रनको इनिङ खेले । उनले ४३ बलमा १६ छक्का र पाँच चौका प्रहार गरे । ट्वान्टी–२० अन्तर्राष्ट्रिय क्रिकेटमा कुशलको यो दोस्रो शतक हो ।
योसँगै कुशल टी–२० अन्तर्राष्ट्रियमा दुई शतक प्रहार गर्ने पहिलो नेपाली ब्याटर बनेका छन् । कुशलले यही खेलमार्फत टी–२० अन्तर्राष्ट्रियमा दुई हजार रन पनि पूरा गरेका छन् । यो उपलब्धि हासिल गर्ने उनी दोस्रा नेपाली ब्याटर हुन् । नेपालका कप्तान दीपेन्द्रसिंह ऐरीले यसअघि नै टी–२० अन्तर्राष्ट्रियमा दुई हजार १८० पूरा गरिसकेका छन् ।
कुशल मल्लले अविजित ८५ रनको योगदान गरे । उनले ४७ बलमा आठ चौका र पाँच छक्का प्रहार गरे । रोहितकुमार पौडेल ६९ रनमा अविजित रहे । उनले २१ बलमा सात छक्का र पाँच चौका प्रहार गरे । आसिफ शेखले ११ रन जोडे । मल्लले दोस्रो विकेटका निम्ति भुर्तेलसँग १७५ तथा तेस्रो विकेटका लागि पौडेलेसँग अविजित ११६ रनको साझेदारी गरेका थिए ।
चीनका मा कियानचेङ र डेङ जिन्कीले समान एक विकेट लिए । जितसँगै समूह 'ए'को नेपालले दुई अंक जोडेको छ । अब नेपालले बिहीबार मलेसियाको सामना गर्नेछ । रासस

# श्रम स्वीकृति जारी भइसकेपछि मात्रै विमानस्थल आउनुः अध्यागमन




**काठमाडौं ।**
अध्यागमन विभागले श्रम स्वीकृति पूरा भएपछि मात्रै वैदेशिक रोजगारीको यात्रा गर्न अनुरोध गरेको छ ।
विभागले प्रेस विज्ञप्ती जारी गर्दै श्रमिक भिसामा रहेका कतिपय नेपालीले श्रम स्वीकृतिको लागि वैदेशिक रोजगार विभागमा आवेदन मात्र गरी स्वीकृति नहुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल अध्यागमनमा प्रस्थानका लागि आउने गरेको भन्दै श्रम स्वीकृति भइसकेपछि मात्रै आउन अनुरोध गरेको हो ।
आवेदन मात्रै दिएर स्वीकृति नहुँदै विमानस्थल आउँदा श्रमिकहरूलाई मर्का पर्ने गरेको भन्दै अध्यागमनले श्रम स्वीकृति जारी भइसकेपछि मात्रै आउनु अनुरोध गरेको हो । श्रमिकको भिसामा विदेश यात्रा गर्ने नेपालीले श्रम स्वीकृति भएको यकिन गरेर मात्र यात्रा गर्न अनुरोध गरेको हो ।

# बाह्र वर्षमुनिका बालबालिका पनि चुरोटको लतमा




**काठमाडौँ ।**
बालबालिकामा पनि सुर्तीजन्य पदार्थ सेवन गर्ने लत रहेको पाइएको छ । 'विश्व सुर्तीजन्य पदार्थरहित दिवस'का अवसरमा आज स्वास्थ्य सेवा विभागले यहाँ आयोजना गरेको कार्यक्रममा विद्यालय पढ्ने १२ वर्षमुनिका बालबालिकाले पनि चुरोट सेवन गर्ने गरेको पाइएको जानकारी दिइएको हो ।
नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का अनुसन्धानकर्ता कुसुम शाही अध्ययन प्रतिवेदन प्रस्तुत सातवटै प्रदेशका ५० वटा विद्यालयमा कक्षा ७ देखि १० सम्म पढ्ने तीन हजार बालबालिकामा अध्ययन गरिएको जानकारी दिन्छन् ।
उनका अनुसार अध्ययनमा १० वर्षमुनिका बालबालिकाले पनि चुरोट सेवनमा लागेको पाइएको छ । त्यस क्रममा ५७ प्रतिशत मानिसले बिहान उठ्नबित्तिकै चुरोट खाने गरेको, र ७४ प्रतिशत सेवनकर्ताले चुरोट छाड्न कोशिस गरे पनि नसकिरहेको बताएका थिए ।
कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका अतिरिक्त सचिव डा श्रीकृष्ण श्रेष्ठले सुर्तीजन्य पदार्थ उत्पादन गर्ने उद्योगले किशोर किशोरीलाई लत बसाल्नका लागि हुक्का, भेपजस्ता स्वादिलो र मिठास सुगन्ध आउने 'फ्लेवर' राखेर बिक्री गर्ने पाइएको बताए । उनले हाल किशोर किशोरीमा चुरोट, भेप र हुक्काको आकर्षण बढेकाले अभियान सञ्चालन गरेर रोक्नुपर्ने बताए ।
अतिरिक्त सचिव डा श्रेष्ठले भेप र हुक्काजस्ता कुनै पनि हानिकारक पदार्थको सेवन नगर्नसमेत आग्रह गरे ।
उनले सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रणका लागि कानुन कार्यान्वयनमा जोड दिनुपर्ने बताए । "मुलुकलाई सुर्तीमुक्त अभियान सञ्चालन गरेर मुटु, फोक्सो, मिर्गौला र क्यान्सरजस्ता रोगको उपचारमा लाग्ने खर्च जोगाउन सकिन्छ । यसमा सबैले ध्यान दिनुपर्छ", श्रेष्ठले भने ।
स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा अनुज भट्टचनले सुर्तीजन्य पदार्थ सामाजिक विष रहेकाले सबैको सहयोगबाट यसलाई रोक्न सकिने बताए । सुर्तीजन्य पदार्थ एकप्रकारले सामाजिक विष नै हो । यसलाई सबै मिलेर समाजबाट हटाउनु पर्दछ, उनले भने । निमित्त महानिर्देशक डा भट्टचनले सुर्तीजन्य पदार्थ रोकथाम र नियन्त्रण गर्न सरकार लागिपरेको र यसमा सबैको साथ आवश्यक रहेको धारणा राखे ।
कार्यक्रममा आयुर्वेद तथा वैकल्पिक चिकित्सा विभागका महानिर्देशक डा वासुदेव उपाध्यायले आफ्नो घरमा कोही सुर्तीजन्य पदार्थ सेवनकर्ता छ भने छोडाउन आग्रह गरे । आफ्नो घरमा कसैले सुर्तीजन्य पदार्थ सेवन गर्दछन् भने पहिलो तिनीहरूलाई छोडाऔँ । विस्तारै सामाजका अन्य व्यक्तिलाई पनि यस कार्यमा नलाग्न सचेत गराऔँ, उनले भने ।
स्वास्थ्य अभियन्ता शान्तराज मुल्मी, डा जयकुमार गुरुङ, ज्योति बानियाँले युवालाई सुर्तीजन्य पदार्थको रोकथाम र नियन्त्रण गर्न अभियान सञ्चालन गरिनुपर्नेमा जोड दिए । 'सुर्तीजन्य पदार्थ र निकोटिनका नयाँ रूपको भ्रम चिरौँ, कुलतबाट टाढा बसौँ, स्वस्थ जीवन रोजौँ' भन्ने नाराका साथ आज दिवस मनाइएको छ । नेपालमा हरेक वर्ष ३९ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ । धूमपान र सुर्तीजन्य पदार्थले क्यान्सर, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी दीर्घ रोग, मधुमेहजस्ता नसर्ने रोगहरू निम्त्याउने गरेको चिकित्सकहरूले बताएका छन् । रासस

# रास्वपाको सरकार नागरिकको आवाज दबाउन केन्द्रित छः अध्यक्ष शर्मा

सुर्खेत ।
नेपाल पत्रकार महासङ्घकी केन्द्रीय अध्यक्ष निर्मला शर्माले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार नागरिकको आवाज दबाउनमा केन्द्रित रहेको बताएकी छन् ।
वीरेन्द्रनगरको एक कार्यक्रममा आइतबार बोल्दै उनले मिडियामाथि वर्तमान सरकारले अङ्कुश लगाउने प्रयास जारी राखेको बताइन् ।
जसको उदाहरण सरकारले सरकारी विज्ञापन निजी सञ्चार माध्यमलाई नदिने गरी गरेको निर्णयलाई अभिव्यक्ति स्वतन्त्रताका विरुद्ध रहेको शर्माले भनाइ छ ।
सरकारका पछिल्ला गतिविधिको महासङ्घले विरोध गरिरहेको बताउँदै शर्माले नागरिकका आवाज दबाउने यात्राले लोकतन्त्र सुदढ हुन नसक्ने बताइन् ।

# चार दिनमा ५० हजार बढी भक्तजनद्वारा मुक्तिनाथको दर्शन



**मुस्ताङ ।**
पवित्र धार्मिक तीर्थस्थल मुक्तिनाथ मन्दिरमा पछिल्लो चारदिनयता धार्मिक पर्यटकको आगमन बढेको छ । औसत दैनिक चार हजार दशनार्थी आउने गरेकामा बिहीबारदेखि दैनिक १५ हजारभन्दा बढीले मन्दिर दर्शन गरेका छन् ।
मुक्तिनाथ मन्दिर दर्शन गर्ने अनुकूल याम भए पनि विगत वर्षको तुलनामा यसवर्ष भक्तजनको उल्लेख्य वृद्धि भइरहेको छ । छिमेकी मुलुक भारतमा गर्मी अत्यधिक बढेकाले शैक्षिक संस्था बन्द हुँदा भारतीय दर्शनार्थी पर्यटकको सङ्ख्या बढेको मुक्तिनाथ विकास समितिका व्यवस्थापक दिनेश भुसालले जानकारी दिए । भारतमा गर्मी बढेसँगै एक महिनासम्म शैक्षिक संस्था बिदा भएकाले यहाँ भारतीय पर्यटकको आगमन बढेको उनको भनाइ छ ।
नेपालमा पनि गत बिहीबारदेखि चार दिन लामो सार्वजनिक बिदा परेकाले मुक्तिनाथमा दर्शनार्थी पर्यटकको सङ्ख्या वृद्धि भएको हुनसक्ने व्यवस्थापक भुसालले बताए । कार्यालय तथा स्कुल, बलेज बिदा भएकाले आन्तरिक र भारतीय पर्यटकको आगमन बढेको उनको भनाइ छ ।
पछिल्लो चारदिन यता म्याग्दी हुँदै दैनिक १०–१२ हजार पर्यटक मुस्ताङ भित्रिने गरेका जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी निरीक्षक सन्तोष बस्यालले जानकारी दिए । मुक्तिनाथ मन्दिरमा दर्शनार्थीको आगमन बढेसँगै प्रहरी तथा सुरक्षाकर्मीले व्यवस्थापनमा सहजीकरण गर्दै आइरहेका उनले बताए । उनका अनुसार भारतीय पर्यटक गर्मी छल्ने बहानामा मुक्तिनाथ दर्शन गर्न आएका भेटिन्छन् ।
मन्दिर क्षेत्रमा हजारौँ दर्शनार्थी भएकाले सहज दर्शनको प्रबन्धसहित आवश्यक सुरक्षा प्रबन्ध व्यवस्थापन चुनौतीपूर्ण बनेको प्रहरी निरीक्षक बस्यालले उल्लेख गरे । सहज रूपमा मुक्तिनाथको दर्शन, अवान्छित क्रियाकलाप नियन्त्रण, चोरी नियन्त्रण तथा समग्र शान्ति सुरक्षा कायम गर्न प्रहरी टोली निरन्तर परिचालन गरिएको उनले जानकारी दिए ।
मुक्तिनाथमा भक्तजनमैत्री दर्शन व्यवस्थामा सहजीकरण गर्न इलाका प्रहरी कार्यालय मुक्तिनाथका १५ जना सुरक्षाकर्मीसहित जिल्ला प्रहरी कार्यालयबाट थप सुरक्षा बल परिचालन गरिएको उनको भनाइ छ ।
उनका अनुसार पछिल्लो चार दिन यता सडकमार्ग तथा हवाईमार्गबाट बढी पर्यटक आइरहेका छन् ।
मुक्तिनाथ मन्दिर परिसरको क्षमता ५०० को हाराहारीमा भए पनि एकसाथै हजारौँ दर्शनार्थी उपस्थित हुँदा मन्दिरको व्यवस्थापनमा मुक्तिनाथ विकास समिति र सुरक्षा निकायलाई सास्ती भइरहेको प्रहरी निरीक्षक बस्यालले बताए । पछिल्लो समय तीन वटा लाइनमार्फत सहज रूपमा दर्शनका लागि सहजीकरण गरिरहेको विकास समितिका व्यवस्थापक भुसालले जानकारी दिए । उनका अनुसार करिब ७० प्रतिशत भारतीय दर्शनार्थी रहेका छन् ।
मुक्तिनाथ मन्दिर परिसरको क्षमता कम भएकाले आगामी दिनमा क्षमता बढाउने योजनामा समिति प्रयासरत रहेको व्यवस्थापक भुसालले उल्लेख गरे । हालै विकास समितिले पूर्वाधार निर्माणका लागि पेस गरेको चार वटा प्रस्ताव पुरातत्व विभागमा स्वीकृत भइसकेको जनाउँदै उनले यथाशीघ्र भक्तजनमैत्री पूर्वाधार निर्माण गर्ने योजना कार्यान्वयन गरिने बताए ।
भारतको ४४ डिग्री सेल्सियस तापक्रम छल्न मुक्तिनाथ आइपुगेका भारतीय पर्यटकले यहाँको प्राकृतिक सौन्दर्यता र अद्वितीय भूगोल नियाल्दा आनन्दितत बनाएको प्रतिक्रिया दिएका छन् । भगवान् विष्णुको बासस्थान रहेको पावन भूमीप्रति भारतीयको आस्था रहेकाले उनीहरू यहाँ आउने मन्दिर व्यवस्थापन समितिका व्यवस्थापक भुसालले बताए । काठमाडौँकी डोपा शेर्पाले लगातार चार दिन सरकारी बिदा परेकाले मुक्तिनाथको दर्शन गर्न आइपुगेको बताए । दर्शनका लागि एक घण्टा लाइनमा उभिनुपरेको बताउँदै यहाँ पुग्दा आत्मशान्ति महसुस भएको प्रतिक्रिया दिए ।
मुक्तिनाथस्थित रानीपौवा बसपार्क क्षेत्रमा भक्तजन सवार सवारीसाधनको लस्करले बसपार्क क्षेत्र भरिएको छ । करिब २०० सवारी क्षमता भएको बसपार्कमा अहिले एक हजारभन्दा बढी सवारीसाधन पार्किङ गरिएका छन् । जिल्ला प्रहरी कार्यालयमार्फत ट्राफिक व्यवस्थापन मिलाउन ट्राफिक प्रहरी परिचालन गरिएको प्रहरी निरीक्षक बस्यालले बताए । रासस

# यातायात खर्च वृद्धिपछि स्वास्थ्य स्वयंसेविका खुसी



**महेन्द्रनगर ।**
कञ्चनपुरको बेदकोट नगरपालिका–८ की शारदादेवि विष्ट २०५५ सालदेखि स्वास्थ्य स्वयंसेविकाका रूपमा कार्यरत छन् ।
उनले सेवा सुरु गर्दा यातायात खर्चबापत ७५ रुपैयाँ पाउँथिन् । विष्टले 'सेवा नै धर्म हो' भन्ने भावसहित १५ दिने तालिम लिएर स्वयंसेविका भएर काम थालेको २८ वर्ष भयो । उनी हालै सरकारले आगामी आर्थिक वर्षको बजेटमा महिला स्वास्थ्य स्वयंसेविकालाई सम्बोधन गरेकामा खुसी छन् ।
विष्टले हाल बैठकबापत ४०० का दरले पाउने गरेकामा त्यसमा ५० प्रतिशत वृद्धि हुने व्यवस्थाले खुसी थपिएको बताइन् । हिजोका दिनमा पनि हामी पैसा हेरेर यो सेवामा आएका होइनौँ । हाम्रो मूल ध्येय सेवा गर्ने हो, यस निर्णयले हामीलाई हौसला थपिएको छ, उनले भनिन् ।
अर्का महिला स्वास्थ्य स्वयंसेविका सरस्वतीदेवी कार्कीले पनि यातायात खर्चबापतको रकम वृद्धिले काम गर्न थप हौसला मिलेको बताइन् । 'साइकल नहुँदा अटो चढेर भए पनि बोलाएको ठाउँमा पुग्दा खर्च बढी लाग्छ । पारिश्रमिक रकम धेरै नभए पनि समाजमा महिला स्वास्थ्य स्वयम् सेविकाप्रतिको सम्मान छुट्टै छ, त्यसमा यो निर्णयले थप योगदान पुग्नेछ', उनले भनिन् ।
यहाँ स्वास्थ्य स्वयंसेविकाले राज्यबाट वार्षिक रूपमा पोसाक भत्ताबापत १० हजार, सुदूरपश्चिम प्रदेश सरकारबाट प्रोत्साहन स्वरूप रु १२ हजार र बेदकोट नगरपालिकाबाट रु १५ हजार पाउने गरेका छन् ।
सरकारले यातायात खर्च त बढायो, गाउँकै सेवामा जीवन बिताएका हामी जस्ता देशभरका हजारौँ स्वयंसेविकाका लागि थोरै भए पनि तलब भत्ता बढाइ दिए हुन्थ्यो । त्यसले हालको महँगीको अवस्थामा केही राहत मिल्थ्यो, कार्कीले भनिन्, बिरामी, सुत्केरी र सामान्य स्वास्थ्य समस्या हुँदा गाउँमा हामीलाई सम्झिने र सल्लाह लिने काम अझै धेरै गर्छन्, तर सेवा सुविधा सोअनुसार छैन ।
सात जना स्वास्थ्य स्वयंसेविका भएको बेदकोट नगरपालिका–८ मा स्वास्थ्य एकाइदेखि वडामा हुने विभिन्न काममा उनीहरू खटिरहेका छन् । स्वास्थ्य स्वयंसेविका सरिता विष्ट आफूले २०६० सालदेखि सेवा गर्दै आएको जानकारी दिँदै अझै पनि धेरैजसो नागरिक प्राथमिक स्वास्थ्य उपचारदेखि विभिन्न जनचेतनामूलक कार्यक्रममा आफूहरूको भूमिका कायमै रहेको सुनाइन् ।
वडामा आधारभूत स्वास्थ्य एकाइहरू सञ्चालनमा आएपछि स्वास्थ्य स्वयंसेविकाको काम केही घटे पनि प्राथमिक उपचार र जनचेतनाका काममा अझै पनि नागरिक विश्वास रहेको छ', उनले भनिन्, अझै पनि गाउँमा जीवनजल, जिंक, कण्डमलगायत स्वास्थ्य सामग्रीका लागि स्थानीयहरू आउने गरेका छन् ।
अन्य स्वास्थ्य स्वयंसेविकाले ६० वर्ष उमेर पार गरेपछि स्वास्थ्य अवकाशमा जाँदा राज्यबाट उचित प्याकेजसहितको सम्मान सुविधा हुनुपर्ने बताएका छन् । 'हामी चिकित्सक त होइनौँ, तर अझै पनि गाउँलेहरू ठूलो आशा गरेर हामी कहाँ आउँछन् । हामीले आफ्नो जीवन नै नागरिक सेवामा समर्पित गर्छौँ तर भविष्यको सुरक्षा छैन । यस विषयमा पनि सरकारले सोच्नुपर्छ', उनीहरूको भनाइ छ । रासस

# बाढीले क्षतिग्रस्त ६ झोलुङ्गे पुल पुनर्निर्माण गरिने

काभ्रेपलान्चोक ।
बाढी पहिरोले बगाएका काभ्रेपलान्चोकका ६ झोलुङ्गे पुल पुनर्निर्माण गरिने भएका छन् । विशेष गरी जिल्लाको दक्षिणी क्षेत्रमा रोशी खोलाको बाढीपहिराले बगाएका ती पुल निर्माणार्थ अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित भएको हो । विसं २०८१ असोज १०–१२ गतेको अविरल वर्षासँगै रोशी खोलामा आएको बाढीका कारण क्षति पुगेको पक्की पुलसहित क्षतिग्रस्त झोलुङ्गे पुल झन्डै दुई वर्षपछि पुनर्निर्माण हुने भएका छन् । उक्त बाढीका कारण जिल्लाको नमोबुद्ध नगरपालिका, रोशी र तेमाल गाउँपालिका जोड्ने झोलुङ्गे पुलमा पनि क्षति पुगेको थियो ।
रोशी गाउँपालिका–३ स्थित नमोबुद्ध रोशी –पिपलटार सुँगुरेडाँडा झोलुङ्गे पुल, खाक्सी झोलुङ्गे पुल, रोशी गाउँपालिका–११ स्थित माम्ती पिप्ले (लोङसाङ–कालढुङ्गा झोलुङ्गे पुल) र पिप्लेदोभान झोलुङ्गे पुल पुनर्निर्माणको लागि अर्थ मन्त्रालयबाट स्रोत सुनिश्चित भएको सहरी विकास मन्त्रालय अन्तर्गतको सस्पेन्सन ब्रिज डिभिजनका सूचना अधिकारी सिनियर डिभिजन इन्जिनियर प्रेमनारायण बस्यालले जानकारी दिए ।
सूचना अधिकारी बस्यालका अनुसार बाढीले क्षतिग्रस्त रोशी–९ स्थित नार्के झोलुङ्गे पुल र रोशी–७ स्थित कटुञ्जेबेँसी–१ युएस झोलुङ्गे पुल पुनर्निर्माणका लागि रु तीन करोडदेखि रु पाँच करोड ५० लाखसम्म स्रोत सुनिश्चित गरिएको छ । त्यसैगरी, वाग्मती नदीमा आएको बाढीले क्षति पु¥याएको काभ्रेपलान्चोकको खानीखोला गाउँपालिका र मकवानपुर जोड्ने फार्सा झोलुङ्गे पुल पुनर्निर्माणको लागि पनि स्रोत सुनिश्चित भएको बताइएको छ ।
सूचना अधिकारी बस्यालका अनुसार स्रोत सुनिश्चित भएका झोलुङ्गे पुल पुनर्निर्माणका लागि चालु आर्थिक वर्षमा ठेक्का आह्वान गर्ने र बहुवर्षीय योजना भएकाले आगामी आवबाट पुल निर्माणको काम सुरु गरिने छ । पुल पुनर्निर्माणका क्रममा कहीँ कतै जग्गा विवाद देखिए ती योजनालाई रोकेर अन्य योजनाको काम अघि बढाइने छ । स्रोत सुनिश्चित भएका झोलुङ्गे पुल पुनर्निर्माणको काम डेढ वर्षदेखि दुई वर्षभित्र गरिसक्ने डिभिजन कार्यालयले जनाएको छ ।
यसैबिच, विसं २०८१ असोज दोस्रो साताको बाढीले तेमाल गाउँपालिका र मङ्गलटार जोड्ने रोशी खोलाको फलामे पुल बगाएको र वर्षायामको समयमा बिपी राजमार्ग अवरुद्ध भएको अवस्थामा वैकल्पिक मार्गका रूपमा प्रयोग गर्न रोशी खोलाकै मङ्गलटार र काल्धार जोड्ने बेलीब्रिज जडान गर्न काभ्रेपलान्चोक प्रशासनले सडक विभागलाई अनुरोधसमेत गरेको जनाइएको छ ।
उक्त बाढीले बिपी राजमार्गको करिब ३० किलोमिटर सडकसहित राजमार्गमा जोडिएका झोलुङ्गे पुललगायतका संरचनामा क्षति पु¨याएको थियो । रोशी गाउँपालिकाका अध्यक्ष दिनेश लामाले बाढीका कारण रोशी, तेमाल गाउँपालिका र नमोबुद्ध नगरपालिकाबिच
आवतजावत गर्न बनेका झोलुङ्गे पुलहरू पूर्ण रूपमा क्षति हुँदा स्थानीयले सास्ती व्यहोर्नुपरेको बताउनुभयो । उहाँका अनुसार बाढीले झोलुङ्गे पुल बगाएपछि पुल आसपासका नागरिकले बर्खाअघि खोलामा फड्के हालेर आवतजावत गर्ने गरेका र हाल खोला बढेको समयमा एक घण्टा टाढा रहेको पक्की वा झोलुङ्गे पुल तर्नुपर्ने बाध्यता रहेको छ । रासस

# आगामी आवको बजेट उत्पादनमुखी बनाउँछौँः मुख्यमन्त्री



**धनुषा ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री कृष्णप्रसाद यादवले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट प्रदेशको आवश्यकता, जनअपेक्षा र विकासका प्राथमिकतालाई केन्द्रमा राखेर तर्जुमा गरिने बताएका छन् ।
अर्थ मन्त्रालयद्वारा आइतबार जनकपुरधाममा आयोजित 'मधेश प्रदेशको आगामी आवको बजेट तर्जुमा'सम्बन्धी अन्तरक्रिया उनले प्रदेश सरकारले सीमित स्रोतसाधनका बाबजुद आर्थिक विकास, रोजगारी सिर्जना, उत्पादन वृद्धि तथा पूर्वाधार विकासलाई केन्द्रमा राखेर बजेट निर्माणको तयारी गरिरहेको उल्लेख गरे ।
उनले प्रदेश सरकारको लक्ष्य समृद्ध, आत्मनिर्भर र विकासोन्मुख मधेश निर्माण गर्नु रहेको उल्लेख गर्दै बजेटलाई केवल खर्च गर्ने माध्यमका रूपमा नभई आर्थिक तथा सामाजिक रूपान्तरणको आधारका रूपमा प्रयोग गरिने बताए । प्रदेशको आर्थिक अवस्था, उपलब्ध राजस्व, सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा विकासका चुनौतीलाई मध्यनजर गर्दै यथार्थपरक बजेट ल्याइने उनको भनाइ थियो ।
मुख्यमन्त्री यादवले सरोकारवाला निकाय, निजी क्षेत्र, विकासविद्, नागरिक समाज, स्थानीय तह तथा जनप्रतिनिधिबाट प्राप्त सुझावलाई समेटेर आगामी आवको नीति तथा कार्यक्रम निर्माण गरिने बताए ।
अर्थमन्त्री युवराज भट्टराईले आगामी आवको बजेटलाई उत्पादनमुखी, जनमुखी, उत्तरदायी र परिणाममुखी बनाउने प्रतिबद्धता व्यक्त गरे । उनले बजेट निर्माणका क्रममा प्राप्त भएका सुझावलाई गम्भीरतापूर्वक अध्ययन गरी सम्भव भएसम्म समेटिने बताए । प्रदेशको आर्थिक अनुशासन कायम राख्दै विकास र सेवा प्रवाहलाई प्रभावकारी बनाउने दिशामा सरकार अघि बढिरहेको उनले उल्लेख गरे ।
अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले आगामी आवको बजेट तर्जुमासम्बन्धी अवधारणा पत्र, बजेटका प्राथमिकता क्षेत्र, वित्तीय अवस्था, राजस्वको सम्भावना तथा खर्चको अवस्थाबारे सलाईड प्रस्तुतीकरण गरेका थिए । उनले प्रदेश सरकारको चालु आवको वित्तीय अवस्था, विकास खर्चको प्रगति तथा आगामी वर्षका सम्भावित कार्यक्रमबारे विस्तृत जानकारी गराएका थिए ।
पूर्वअर्थमन्त्री महेशप्रसाद यादवले प्रदेश सरकारले उपलब्ध स्रोत र आवश्यकताबीच सन्तुलन कायम गरेर बजेट ल्याउनुपर्ने धारणा राखे । उनले कृषि उत्पादन वृद्धि, सिँचाइ विस्तार, उद्यमशीलता विकास तथा रोजगारमूलक कार्यक्रममार्फत प्रदेशको अर्थतन्त्रलाई चलायमान बनाउनुपर्नेमा जोड दिए ।
अर्थ तथा योजना समितिका सभापति अनिता साहले बजेट निर्माण प्रक्रियामा पारदर्शिता, जवाफदेहिता र प्रभावकारितालाई प्राथमिकतामा राख्नुपर्ने बताए । सार्वजनिक लेखा समितिकी सभापति मञ्जुकुमारी थापामगरले विनियोजित बजेटको सही उपयोग तथा विकास आयोजनाको समयमै सम्पन्नतामा विशेष ध्यान दिनुपर्ने आवश्यकता औँल्याए ।
नीति तथा योजना आयोगका पूर्वउपाध्यक्ष डा. भोगेन्द्र झाले प्रदेशको दीर्घकालीन विकास लक्ष्य हासिल गर्न रणनीतिक सोचका साथ बजेट तर्जुमा हुनुपर्ने बताए । उद्योग वाणिज्य महासङ्घ मधेश प्रदेशका अध्यक्ष विजयकुमार साहले निजी क्षेत्रलाई विकासको साझेदारका रूपमा अगाडि बढाउनुपर्ने बताए ।
जिल्ला समन्वय समिति महासङ्घका संयोजक कौशलकिशोर सिंहले स्थानीय तह र प्रदेश सरकारबीचको समन्वयलाई अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता औँल्याए । नीति तथा योजना आयोगका उपाध्यक्ष राजकुमार सिंहले प्रदेशको विकास प्राथमिकता, आर्थिक क्षमता र नागरिकको अपेक्षालाई सन्तुलित रूपमा सम्बोधन गर्ने बजेट आवश्यक रहेको धारणा राखे ।

# मनरा शिसवामा रास्वपा अधिवेशनमा झडप



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को महोत्तरीस्थित मनरा शिसवा नगरपालिकामा आयोजित नगर अधिवेशन नेतृत्व चयनको विवादका कारण तनावग्रस्त बनेको छ । नेतृत्व चयन प्रक्रियालाई लिएर दुई पक्षबीच चर्किएको विवाद अन्ततः झडपमा परिणत हुँदा एक जना कार्यकर्ता गम्भीर घाइते भएका छन् भने अन्य चार जना सामान्य घाइते भएका छन् ।
आइतबार सम्पन्न नगर अधिवेशनमा नयाँ नेतृत्व चयन गर्ने वा वर्तमान नेतृत्वलाई नै निरन्तरता दिने भन्ने विषयमा कार्यकर्ताबीच तीव्र मतभेद देखिएको थियो । लामो समयदेखि संगठनभित्र देखिँदै आएको असन्तुष्टि अधिवेशनस्थलमै सतहमा आएपछि कार्यक्रमको वातावरण तनावपूर्ण बनेको सहभागीहरूले बताएका छन् ।
प्रत्यक्षदर्शीका अनुसार नेतृत्व चयनको विषयमा दुई पक्षबीच चर्काचर्की सुरु भएपछि स्थिति नियन्त्रणबाहिर गएको थियो । विवाद बढ्दै जाँदा हातहालाहालको अवस्था सिर्जना भएको र त्यसक्रममा मनरा शिसवा नगरपालिका–८ निवासी गोविन्द कापर गम्भीर घाइते भएका हुन् ।
कापरको टाउकोमा चोट लागेको बताइएको छ । उनलाई तत्काल उपचारका लागि जलेश्वरस्थित प्रादेशिक अस्पताल पु¥याइएको थियो । अस्पताल स्रोतका अनुसार उनको उपचार भइरहेको छ भने अन्य चार जना कार्यकर्ताको अवस्था सामान्य रहेको जनाइएको छ ।
रास्वपाले आगामी महाधिवेशनको तयारीस्वरूप देशभर स्थानीय तह र नगर अधिवेशन सञ्चालन गरिरहेको छ । सोही अभियानअन्तर्गत मनरा शिसवामा आयोजित अधिवेशनमा नेतृत्व चयनकै विषय विवादको मुख्य कारण बनेको देखिएको हो ।
अधिवेशनमा सहभागी एक समूहले लोकतान्त्रिक अभ्यासलाई बलियो बनाउन निर्वाचनमार्फत नयाँ नेतृत्व चयन गर्नुपर्ने अडान राखेको थियो । उनीहरूको भनाइमा प्रतिस्पर्धात्मक निर्वाचनबाट नेतृत्व छनोट भए मात्र संगठन बलियो बन्न सक्छ ।
तर अर्को पक्षले सहमति र संगठनात्मक एकतालाई प्राथमिकता दिँदै वर्तमान कार्यसमितिलाई नै निरन्तरता दिनुपर्ने धारणा राखेको थियो । दुवै पक्ष आ–आफ्नो अडानबाट पछि नहटेपछि विवाद चर्किएको स्थानीय कार्यकर्ताहरूले बताएका छन् ।
घाइते भएका गोविन्द कापरले वर्तमान नगर सभापति रोमन सिंहमाथि गम्भीर आरोप लगाएका छन् । उनले वर्तमान नेतृत्व पक्षले पुनः नेतृत्वमा निरन्तरता कायम राख्न निर्वाचन प्रक्रिया अवरुद्ध गर्न खोजेको आरोप लगाएका हुन् । निर्वाचनको माग गर्ने कार्यकर्तामाथि दबाब र अवरोध सिर्जना गरिएको उनको दाबी छ ।
यद्यपि, कापरले लगाएका आरोपबारे प्रतिक्रिया लिन खोज्दा नगर सभापति रोमन सिंह सम्पर्कमा आउन सकेनन् । उनको मोबाइल फोन सम्पर्कविहीन रहेकाले घटनाबारे आधिकारिक धारणा प्राप्त हुन सकेन ।
झडपपछि अधिवेशनको वातावरण पूर्ण रूपमा प्रभावित बनेको सहभागीहरूले बताएका छन् । कार्यक्रम सञ्चालन अवरुद्ध भएको र नेतृत्व चयन प्रक्रिया समेत प्रभावित बनेको जनाइएको छ ।
स्थानीय कार्यकर्ताहरूका अनुसार अधिवेशनअघि नै संगठनभित्र असन्तुष्टि बढ्दै गएको थियो । केही कार्यकर्ताले नेतृत्व चयन प्रक्रियामा पारदर्शिता र सहभागितामूलक अभ्यासको माग गरिरहेका थिए भने अर्को पक्ष सहमतिमै नेतृत्व चयन गर्नुपर्ने पक्षमा उभिएको थियो । यही मतभेद अन्ततः झडपको कारण बनेको बताइएको छ ।
महोत्तरीमा रास्वपाभित्र नेतृत्व चयनलाई लिएर विवाद देखिएको यो पहिलो घटना भने होइन । यसअघि जलेश्वर नगर अधिवेशन पनि यस्तै विवादका कारण प्रभावित बनेको थियो । त्यतिबेला पनि निर्वाचन गर्ने वा सहमतिबाट नेतृत्व चयन गर्ने विषयमा कार्यकर्ताबीच मतभेद देखिएको थियो ।
लगातार दुई नगर अधिवेशनमा विवाद उत्पन्न भएपछि महोत्तरीमा रास्वपाको संगठनात्मक अवस्थामाथि प्रश्न उठ्न थालेको छ । स्थानीय राजनीतिक विश्लेषकहरूका अनुसार पार्टी विस्तारसँगै नेतृत्वको आकांक्षा बढ्दा आन्तरिक व्यवस्थापन चुनौतीपूर्ण बन्दै गएको देखिन्छ ।
रास्वपाले सार्वजनिक रूपमा संगठन सुदृढीकरण, सदस्यता विस्तार र आन्तरिक लोकतन्त्रलाई प्राथमिकता दिने दाबी गर्दै आए पनि नगर अधिवेशनमै झडप, घाइते र कार्यक्रम अवरुद्ध हुने अवस्था सिर्जना भएपछि पार्टीको आन्तरिक व्यवस्थापन क्षमतामाथि प्रश्न उठ्न थालेको छ ।
महाधिवेशन नजिकिँदै जाँदा स्थानीय तहदेखि देखिएका यस्ता विवादले पार्टी नेतृत्वमाथि थप दबाब सिर्जना गरेको राजनीतिक वृत्तमा चर्चा हुन थालेको छ ।

# संयोजक दाहालको स्वास्थ्य अवस्था स्थिर

**काठमाडौँ ।**
नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' को स्वास्थ्य अवस्था स्थिर रहेको छ । मेडिसिटी अस्पतालले आइतबार बेलुका अध्यक्ष दाहालको स्वास्थ्य अवस्थाबारे जानकारी दिन जारी गरेको 'स्वास्थ्य बुलेटिन' अनुसार हाल उनको स्वास्थ्य अवस्था स्थिर रहेको र उपचारप्रति सकारात्मक प्रतिक्रिया देखाइरहेका छन् ।
श्वासप्रश्वाससम्बन्धी समस्याका लक्षण देखिएपछि अध्यक्ष दाहाल शनिबार बिहान ललितपुरस्थित मेडिसिटी अस्पतालमा भर्ना भएका थिए । अस्पतालले भनेको छ, 'अस्पतालको चिकित्सक टोलीद्वारा गरिएको परीक्षणका क्रममा उनमा निमोनियाको सङ्क्रमण देखिएको छ । यस सम्बन्धमा आवश्यक स्वास्थ्य परीक्षणहरू सम्पन्न गरिएका छन् । उपचार प्रक्रिया सुरु गरिएको छ, पूर्णस्वास्थ्य लाभ सुनिश्चित गर्न तथा निरन्तर निगरानी र उपचारका लागि सावधानी स्वरूप उनलाई दुई–तीन दिन अस्पतालमै राखी उपचार गर्नुपर्नेछ ।'

# श्रीलङ्कालाई पराजित गर्दै नेपाल साफ च्याम्पियनसिपको सेमिफाइनलमा

**भारत ।**
साफ महिला च्यम्पियनसिप फुटबल प्रतियोगितामा नेपालले श्रीलङ्कालाई पराजित गर्दै समूह विजेताको रुपमा सेमिफाइनलमा प्रवेश गरेको छ ।
भारतको गोवास्थित पण्डित जवाहारलाल नेरु रङ्गशालामा आइतबार सम्पन्न समूह चरणको आफ्नो अन्तिम खेलमा नेपालले श्रीलङ्कामाथि २–० गोलको जित निकाल्यो । नेपाल समूह 'बी'को शीर्ष स्थान रह्यो ।
दुई खेल खेलेको नेपालले शतप्रतिशत नतिजा निकाल्दै ६ अङ्कका साथ समूह विजेता बनेको हो । नेपालले समूह चरणको आफ्नो पहिलो खेलमा भुटानलाई १–० गोलअन्तरले पराजित गरेको थियो ।
त्यसैगरी समूह 'बी'बाट भुटान उपविजेताको रुपमा सेमिफाइनलमा पुगेको छ ।



भुटानले तीन अङ्क बटुल्दै प्रतियोगिताको उपविजेता बन्दै सेमिफाइनलमा पुगेको हो ।
आजको खेलमा नेपालका लागि रस्मिकुमारी घिसिङ र रेनुका नगरकोटीले समान एक÷एक गोल गरे । रस्मिले खेलको पहिलो हाफमा गोल गरिन भने रेनुकाले खेलको दोस्रो हाफमा गोल थपिन । खेलको पहिलो हाफको अतिरिक्त समयमा रस्मिले पेनाल्टी एरियाभित्र रेखा पौडेलले दिएको पासलाई सदुपयोग गर्दै गोल गरिन् ।
त्यस्तै खेलको ६०औँ मिनेटमा रेनुकाले गोल गरिन् । उनले पेनाल्टी एरिया बाहिरबाट प्रहार गरेको बलले जाली चुमेको थियो । आजको हारसँगै श्रीलङ्का प्रतियोगिताबाट बाहिरिएको छ ।

# सांसदका प्रश्नमा प्रधानमन्त्री शाहको जवाफ



**काठमाडौँ ।**
प्रधानमन्त्री बालेन्द्र शाहले सांसद्हरुले उठाएका प्रश्नको जवाफ दिएका छन् । प्रतिनिधिसभाका विगतका बैठकमा सांसद्हरुले उठाएका माग सम्बोधन गर्दै प्रधानमन्त्री शाहले आइतबार जवाफ दिएक हुन् ।
सभाको आइतबारको बैठक सुरू भए लगत्तै सभामुख डोलप्रसाद अर्यालसमक्ष प्रधानमन्त्री शाहले बोल्नका लागि समय माग गरेका थिए । सदनका बैठकमा प्रधानमन्त्री, मन्त्री र विपक्षी दलका नेताले समय माग्दा सभामुखले सम्बोधन गर्न समय दिने संसदीय अभ्यास छ ।
प्रधानमन्त्रीले सांसद्हरुको जवाफ दिने भनेपछि सभामुख अर्यालले सांसद्हरुलाई दलीय आधारमा प्रधानमन्त्री शाहलाई प्रश्न सोध्न समय दिएका थिए ।
प्रतिनिधिसभा नियमावली, २०७९ को दफा ५६ मा प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको व्यवस्था छ । प्रधानमन्त्री वा निजको कार्यक्षेत्रसँग प्रत्यक्ष रुपमा सम्बन्धित महत्वपूर्ण विषयमा प्रश्न सोध्नका लागि सभामुखले प्रत्येक महिनाको पहिलो हप्ताको कुनै एक दिनको बैठकको पहिलो एक घण्टा निर्धारण गर्ने नियमावलीमा व्यवस्था छ । सो समयमा सभामुखले प्रश्नकर्ता सदस्यको नाम बोलाउने, नाम बोलाइएको सदस्यले आफ्नो स्थानमा उभिएर प्रधानमन्त्रीसँग प्रश्न गर्न सक्ने र प्रश्नको जवाफ प्रधानमन्त्रीले तत्काल दिनुपर्ने व्यवस्था छ ।
प्रश्नोत्तर सुरु हुनुअघि नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का युवराज दुलाल र नेकपा (एमाले) का ऐनबहादुर महरले प्रतिनिधिसभा नियमावली, २०७९ को दफा ५६ बमोजिममा भएको व्यवस्थाबारे सभामुख अर्यालको ध्यनाकर्षण गराएका थिए । नेपाली कांग्रेसका अर्जुनरसिंह केसीले नियम, प्रक्रिया र पद्धतिमा सभा सञ्चालन हुनुपर्नेमा जोड दिए ।
जेठ १२ गतेको प्रतिनिधिसभाको बैठकमा विपक्षी दलले सरकारको जवाफदेहीताको माग गर्दै बैठकमा अवरोध गरेका थए । तत्पश्चात केही समय बैठक स्थगन भएको थियो ।
सोही दिन बसेको दोस्रो बैठकमा सत्तापक्षका राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले प्रधानमन्त्री शाहको सचिवालयसँग कुरा गरेर एक साताभित्र प्रधानमन्त्री शाह सम्बोधनका लागि संसद्मा आउने जानकारी गराएका थिए ।
सभामुख अर्यालले पनि प्रधानमन्त्री वालेन्द्र शाह छिट्टै सदनमा आउने जानकारी गराएका थिए । सत्ता पक्ष र विपक्षीको त्यो समझदारीपछि यही जेठ १५ गते दुवै सदनको संयुक्त बैठकमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलेको बजेट प्रस्तुत गरेका थिए ।

# मेयर सिंहको पहलमा विपी पार्कले आकार लिँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहको पहल र लामो समयदेखिको प्रयासपछि घण्टाघर नजिक निर्माणाधीन बिपी पार्क आकर्षक स्वरूपमा तयार हुँदै गएको छ । वीरगंजको मुटु मानिने घण्टाघर क्षेत्रस्थित पार्कको संरचना, हरियाली तथा सौन्दर्यीकरणको काम अन्तिम चरणमा पुगेको र यसको दृश्यले सर्वसाधारणको ध्यान आकर्षित गरिरहेको छ । नगर प्रमुख राजेशमान सिंहले बिपी पार्कलाई वीरगंजवासीका लागि आधुनिक, व्यवस्थित तथा मनोरञ्जनयुक्त सार्वजनिक स्थलका रूपमा विकास गर्ने लक्ष्यका साथ निर्माण कार्य अगाडि बढाइएको बताए ।
मेयर सिंहका अनुसार पार्कको बाँकी काम सम्पन्न गरी केही महिनाभित्रै सर्वसाधारणका लागि खुला गरिने तयारी भइरहेको छ । पार्क सञ्चालनमा आएपछि नगरवासीलाई मनोरञ्जन, विश्राम तथा पारिवारिक भेटघाटका लागि उपयुक्त सार्वजनिक स्थान उपलब्ध हुने विश्वास गरिएको छ । साथै यसले वीरगंजको सौन्दर्य अभिवृद्धि गर्नुका साथै आन्तरिक पर्यटन प्रवद्र्धनमा समेत टेवा पुग्ने अपेक्षा गरिएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन